**संयुक्त इजलास**

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** रिट नं. २०६८-WH-००४८, बन्दीप्रत्यक्षीकरण, *सत्यनारायण कनौजियाको हकमा बबलु खान वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

मुद्दा हेर्ने अधिकारी स्वयम्ले ७ दिनभित्र मुद्दा दायर गर्न नसकिने मनासिब माफिकको कारण देखी छुट्टै आदेश गरी म्याद थप गरेमा बाहेक सार्वजनिक अपराधमा वारदातमा भएको मिति वा उजूरी परेको मितिबाट ७ दिनभित्रै कुनै व्यक्तिको विरूद्ध मुद्दा दायर गर्नुपर्ने, अन्यथा सो हदम्यादपछि सो कसूरको विषयमा मुद्दा दायर हुन नसक्ने ।

प्रचलित कानूनको उद्देश्यअनुरूप यथासम्भव छिटो अनुसन्धानको कार्य पूरा गरी मुद्दा हेर्ने अधिकारीसमक्ष मुद्दा दायर गर्नुपर्ने भए गरी कानूनी व्यवस्थाको पालना गर्नु अनुसन्धान अधिकारी समेतको दायित्वको विषय हुने हुँदा अनुसन्धान अधिकारीले कानूनबमोजिमको कर्तव्य पालनातर्फ उदासीनता देखाई बिना आधार म्याद थपको अनुमति माग गर्दै निवेदकलाई थुनामा राखिरहेको भन्ने देखिन आयो । अतः निवेदकउपर सार्वजनिक अपराध सम्बन्धमा मुद्दा चल्ने नचल्ने के हो ? यकीन गरी मुद्दा दायर गर्नुपर्ने भएमा मुद्दा हेर्ने अधिकारीबाट दोस्रो पटक म्याद थप भएको मिति २०६८।९।२० बाट ३ (तीन) दिनभित्रै मुद्दा दायर गर्नु, अन्यथा सत्यनारायण कनौडियालाई थुनामुक्त गरी यस अदालतलाई सोको जानकारी गराउनु भनी विपक्षी महानगरीय प्रहरी परिसर हनुमानढोका, काठमाडौंका नाममा आदेश जारी हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल पुस २६ गते रोज ३ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** फौ.पु.नं. २०६५-CR-०३६४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. वीरबहादुर कुँवर समेत*

वारदात घटाइसकेपछि पनि प्रतिवादीहरू देवबहादुर र मदनराजले घटनाको बारेमा नबताउनु भनी प्रतिवादी वीरबहादुरलाई डर, धाक र धम्की दिई त्रासमा पारेको भन्ने देखिएको अवस्थामा आफ्नो साथमा रहेको बन्दुक यी प्रतिवादी वीरबहादुर कुँवरले मृतकलाई मार्नु भनी प्रतिवादीहरू देवबहादुर र मदनराज समेतलाई मनसायपूर्वक दिई अह्राई पठाएको नभई निज देवबहादुर र मदनराजले नै जवर्जस्ती रूपमा सो बन्दुक लिई गएपछि वारदात घटाई यी प्रतिवादीकै घरको भान्सा कोठामा छोडी गएको भने देखिन आउँछ । यस्तो अवस्थामा प्रतिवादी वीरबहादुर कुँवरले मृतकहरूको ज्यान लिने उद्देश्यले प्रतिवादीहरू देवबहादुर र मदनराजसँग सल्लाहमा पसी वा निजहरूलाई अह्राई जानाजान बन्दुक र छुरी दिएको भन्ने अभियोग दावी स्थापित हुनसक्ने अवस्था नहुँदा निजलाई आरोपित कसूरबाट सफाइ पाउने ।

मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी रामबहादुर कुँवर मृतकहरूलाई कर्तव्य गरी मार्नमा अन्य किसिमबाट मत सल्लाहमा पसेको भन्ने कुरा तथ्ययुक्त एवं ठोस रूपमा पुष्टि हुन नसकेको अवस्थामा अनुमानको आधारमा निज प्रतिवादी र मृतकका परिवारबीच सामान्य वादविवाद वा झैंझगडा रहेको भन्ने देखिएको आधारले मात्र यी प्रतिवादी पनि दोषी रहेछन् भन्ने निष्कर्षमा पुग्नु न्यायोचित नहुने हुँदा प्रतिवादी वीरबहादुर कुँवरले अभियोग दावीबाट सफाइ हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल पुस २६ गते रोज ३ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** फौ.पु.नं. २०६७-CR-०१९१, जीउ मास्ने बेच्ने, *तेजबहादुर रानामगर वि. नेपाल सरकार*

पीडितको मौकाको प्रमाणित बयानलाई मिसिल संलग्न अन्य प्रमाणहरूले सिलसिलावद्ध रूपमा समर्थन गरेको अवस्थामा जीउ मास्ने बेच्ने मुद्दाकी पीडितले अदालतमा उपस्थित भई बकपत्र नगरेको कारणले मात्रै सो घटना नभएको र त्यसमा संलग्न प्रतिवादीले कसूरबाट उन्मुक्ति पाउने भन्ने हुँदैन । जीउ मास्ने बेच्ने जस्तो गम्भीर प्रकृतिको मुद्दामा

पीडित व्यक्तिले मौकामा गरेको बयान प्रमाणित गराउनु पर्ने कानूनी व्यवस्थाको खास प्रयोजन र महत्व हुन्छ । सो कुरालाई नजरअन्दाज गरी केवल पीडितको बकपत्रलाई मात्र कसूर स्थापित गर्ने प्रमाणको रूपमा हेरिनु पर्छ भन्ने सूत्रवत् मान्यता राख्नु न्यायोचित र विवेकसम्मत् हुन सक्दैन । किनभने जीउ मास्ने बेच्ने जस्तो गम्भीर प्रकृतिको कसूर जसमा सामान्यतः महिला नै पीडितको रूपमा रहेका हुन्छन्, त्यस्तो कसूर कुनै एउटा व्यक्तिले मात्र चाहेर वा एउटा व्यक्तिको मात्र संलग्नताले पूरा हुने होइन । यस्तो कसूरमा एकभन्दा बढी व्यक्ति संलग्न रहेको हुँदा यो एउटा संगठित अपराधअन्तर्गत पर्ने कसूर हो । यस्तो कसूरबाट पीडित महिला जहिलेसुकै पनि सो कसूरमा संलग्न प्रतिवादीहरूको सामूहिक सञ्जालमा संलग्न कुनै पनि व्यक्तिको वा कसूरदारहरूको सामूहिक निशाना वा डर, त्रास, धम्की वा प्रलोभनमा पर्ने सम्भावना रहिरहन्छ । फलस्वरूप यस्तो प्रकृतिका कसूरमा संलग्न कसूरदारहरूले पीडित महिला वा निजका घर परिवारका सदस्य समेतलाई अनावश्यक प्रलोभन दवाव वा डर, धाक, धम्की दिई पीडितलाई अदालतमा बकपत्र गर्न जान नसक्ने अवस्था सिर्जना गर्ने वा प्रतिकूल साक्षी (Hosstile witness) को रूपमा बकपत्र गर्न वाध्य पार्ने सम्भावना हुने ।

प्रचलित मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६(२) मा पीडितको मौकाको बयान मुद्दा हेर्ने अदालतबाट प्रमाणित गराई राख्ने गरी छुट्टै विशेष व्यवस्था गरिएको देखिन्छ । तदनुरूप अदालतबाट एकपटक कानूनबमोजिम प्रमाणित भइरहेको पीडितको बयान अन्य प्रमाणहरूबाट खण्डन नभएसम्म सो कसूर स्थापित गर्ने एउटा आधारभूत एवं अकाट्य प्रमाणको रूपमा ग्राह्य हुन आउँछ । त्यसकारण प्रस्तुत विवादमा पीडितको बकपत्र नभएको भन्ने जिकीरबाट मात्रै निजको अदालतबाट प्रमाणित बयानलाई प्रमाणमा लिन नमिल्ने भनी यी प्रतिवादीको निर्दोषिता पुष्टि हुन नसक्ने ।

पीडित "बी. १४०" को पति अर्थात् संरक्षक, सहारा र अभिभावकको रूपमा रहेको यी प्रतिवादीबाट भएको यस आपराधिक कार्यमा निजलाई तत्काल प्रचलित जीउ मास्ने बेच्ने (कार्य नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम हदैसम्मको सजाय गर्नु न्यायको रोहमा वाञ्छनीय एवं विवेकसम्मत् नै हुने हुँदा प्रतिवादी हरि मगर भन्ने तेजबहादुर रानामगरलाई अभियोगपत्र माग दावीबमोजिम तत्कालीन जीउ मास्ने बेच्ने (कार्य नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम १९ वर्ष ११ महिना कैद हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल पुस २७ गते रोज ४ शुभम् ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** फौ.पु.नं. २०६६-CR-०५५२, फौ.सा. नं. २०६६-RC-००७१, कर्तव्य ज्यान, *राजकुमार महतो वि. नेपाल सरकार, नेपाल सरकार वि. रामउदेश कुशवाह*

प्रतिवादीहरू रामउदेश कुशवाह र राजकुमार महतोले अनुसन्धान अधिकारीसमक्ष कसूरमा सावित रही कसूरमा एकअर्काको् संलग्नता रहेको कुरा सिलसिलेवार रूपमा स्वाभाविक तवरले खुलाई बयान गरेको देखिन्छ । सो साविती बयानमा मृतक र प्रतिवादीमध्येका रामउदेश कुशवाह समेतका बीचमा चोरीको रकमका विषयमा पहिलेदेखि नै विवाद रहेको र सोही विषयमा छलफल गर्ने उद्देश्यले मृतकलाई दुबैजना प्रतिवादीहरूले घरबाट बोलाई पसलमा चिया नास्ता समेत खुवाई साइकल चढी वारदातस्थलतर्फ गएको भन्ने देखिन्छ । तत्पश्चात् यी प्रतिवादीहरू समेत संलग्न भई मृतकलाई घाँटी थिची हत्या गरेको र स्थानीय व्यक्तिहरूले थाहा पाई होहल्ला गर्दा प्रतिवादी राजकुमार महतो बाहेकका अन्य व्यक्तिहरू वारदातस्थलबाट भाग्न सफल भए पनि निज राजकुमार महतो स्थानीय मानिसको नियन्त्रणमा परी पक्राउ परेको अवस्था देखिन्छ । त्यसरी आफूलाई वारदातको लगत्तै स्थानीय मानिसहरूले नियन्त्रणमा लिनुपर्ने अन्य कुनै विश्वसनीय कारण रहे भएको भन्ने निज प्रतिवादीको बयानबाट खुलेको छैन । यसरी प्रतिवादी राजकुमार महतो वारदातको लगत्तै स्थानीय मानिसहरूबाटै पक्राउ पर्नु र दुबैजना प्रतिवादीले एकअर्कालाई पोल गरी अनुसन्धान अधिकारीसमक्ष दिएको बयानमा

वारदातको कारण पृष्ठभूमि एवं वारदातमा निजहरूको संलग्नता समेतका विषयमा सावित रही सविस्तार उल्लेख गरेको देखिएबाट निजहरूको साविती बयान पुष्टि भएको अवस्था छ । प्रतिवादीले साविती बयान आफूले भनेबमोजिम लेखिएको होइन भने पनि सो साविती बयानको कुरालाई मिसिल संलग्न अन्य प्रमाणहरूबाट अन्यथा खण्डन गर्न नसकेको अवस्थामा सो साविती बयान निज प्रतिवादीहरूका विरूद्धको आधारभूत प्रमाणको रूपमा रहेको मान्नुपर्ने ।

प्रतिवादी राजकुमार महतोलाई स्थानीय मानिसहरूले नियन्त्रणमा लिइरहेको अवस्थामा घटनास्थलमा पुगी निजलाई पक्राउ गरी ल्याउने प्रतिवेदक प्र.ना.नि. अवधेशकुमार यादवले अदालतमा उपस्थित भई गरेको बकपत्रबाट समेत प्रतिवादी राजकुमारलाई प्रस्तुत वारदातमा संलग्न रहेको कारणले नै स्थानीय मानिसहरूले नियन्त्रणमा लिएको भन्ने तथ्य पुष्टि भएको समेतका प्रमाणहरूबाट प्रतिवादीहरूले आरोपित कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी रामउदेश कुशवाहलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम र प्रतिवादी राजकुमार महतोलाई सोही १३(४) नं बमोजिम जनही जन्मकैद हुने र प्रतिवादी रामउदेश कुशवाहको हकमा साधक समेत सदर हुने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल पुस २७ गते रोज ४ शुभम् ।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** फौ.पु.नं. २०६५-CR-०७१८, २०६६-CR-००११, ००१२, गैंडा मारी खाग बिक्री, *सूर्यबहादुर पुन वि. नेपाल सरकार, कुमार भन्ने यमकुमार पुन वि. नेपाल सरकार, बमबहादुर प्रजा वि. नेपाल सरकार*

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९(१) द्वारा निषेधित अपराध अर्थात् दुर्लभ एवं संरक्षित वन्यजन्तुको रूपमा रहेको एकसिँगे गैंडा मार्ने र त्यसको खाग बिक्री गर्ने समेतको आपराधिक कार्यमा प्रतिवादीहरूको संगठित समूह संलग्न रहेको देखिँदा प्रस्तुत वारदात संगठित अपराध (Organized Crime) को एउटा कडीको रूपमा देखिएको छ । यस्तो संगठित अपराधमा संलग्न प्रतिवादीहरूको कसूरलाई कुनै एउटा एक्लो वारदात वा घटनासँग मात्र जोडी निरपेक्ष ढंगबाट हेर्नुभन्दा सो वारदातबाट प्रतिवादीहरूले हासिल गर्न चाहेको निहीत उद्देश्य वा सो वारदातको दूरगामी असरलाई हेर्नु न्यायिक दृष्टिकोणबाट उपयुक्त वा वाञ्छनीय हुने ।

वारदात घटाई खाग काटी त्यसलाई बिक्री गरी प्राप्त गरेको रकम बराबरी रूपमा बाँडी खाएको भन्ने तथ्यमा पुनरावेदक प्रतिवादीहरूले अन्यथा भन्न नसकेको स्थितिमा निजहरूको प्रस्तुत वारदातमा समान प्रकृतिको संलग्नता रहेको मान्नुपर्ने हुन्छ । यसका अतिरिक्त राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २७ को प्रतिवन्धात्मक वाक्यांशले गैंडा, बाघ, कस्तुरी मृग र हात्तीसित सम्बन्धित कसूर गर्ने व्यक्ति र सोको मतियारलाई समान सजाय हुने व्यवस्था गरेको अवस्था समेत हुँदा प्रस्तुत कसूरमा मुख्य अभियुक्त र अन्य अभियुक्तको हकमा बेग्लाबेग्लै सजाय हुने अवस्था नदेखिने ।

प्रस्तुत वारदात दुर्लभ एवं संरक्षित एकसिंगे गैंडा मारी त्यसको अमूल्य खाग तस्करी गर्ने उद्देश्यले घटाइएको देखिएको र सो कार्यमा पुनरावेदक प्रतिवादीहरूले एकापसमा संगठित भई, सल्लाह सहमति गरी योजना बनाई, राष्ट्रिय निकुञ्ज क्षेत्रभित्रको निषेधित क्षेत्रमा प्रवेश गरी संरक्षित एकसिंगे गैंडा मार्ने र त्यसको खाग काटी लगी बिक्री गर्ने र रकम बाँडी खाने जस्तो आपराधिक कार्यमा प्रत्यक्ष संलग्न भई गैंडा चोरी शिकारीलाई आय आर्जनको माध्यमको रूपमा अवलम्बन गर्ने हदसम्मको कसूर अपराध गरेको देखिएको हुँदा निज प्रतिवादीहरू कुमार भन्ने यमकुमार पुन, सूर्यबहादुर पुन र बमबहादुर प्रजालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम हदैसम्मको सजाय गर्दा सो दफाद्वारा प्रदत्त मुद्दा हेर्ने अधिकारी एवं अदालतको न्यायिक तजविजी अधिकारको अन्यथा प्रयोग भएको मान्नुपर्ने अवस्था नदेखिने हुँदा पुनरावेदक प्रतिवादीहरूलाई उक्त कानूनी व्यवस्थाअनुरूप हदैसम्मको जनही रू.१,००,०००।- जरीवाना र १५ वर्ष कैद हुने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल फागुन ३ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रि.नं. ०६६-WO-०१८९, उत्प्रेषण परमादेश समेत, दिनेश थापा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत

प्रस्तुत विवादसँग सम्बन्धित पशुपतिनाथ मन्दिरको पुजारी नियुक्ति सम्बन्धमा यसै अदालतमा परेको संवत् २०६६ सालको रि.नं. ०१८९ को पनि उल्लेख गरेको देखिन्छ । उक्त रिट निवेदनमा विवादित पुजारीको नियुक्ति बदर भै श्री पशुपतिनाथको नित्य पूजा पूर्ववत् रूपमा सञ्चालन भै निवेदकको मागअनुरूप भैसकेको देखिएकोले निवेदन मागअनुरूप आदेश जारी गर्नु परेन भनी मिति २०६६।९।२७ मा रिट निवेदन खारेज भएको देखियो । यसरी उक्त रिट निवेदनमा भएको निर्णयबाट हाल प्रस्तुत विवादसँग सम्बन्धित पशुपतिनाथ मन्दिरको पुजारी नियुक्तिसम्बन्धी विवाद पनि समाधान भै हाल पशुपतिनाथको पूजाआजा नित्य रूपमा सञ्चालन भैरहेको देखिन आयो । यस्तो अवस्थामा हाल यी निवेदकले रिट निवेदनमा दावी गरेजस्तो अवस्थाको विद्यमानता रहेको भएको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल कात्तिक १४ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको रि.नं. ०६७-WO-००६३, उत्प्रेषण परमादेश समेत, *ठक्करबहादुर साउद समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

गाउँ परिषद्को सिफारिशमा नेपाल सरकारले मात्र गा.वि.स. को केन्द्र तोक्न सक्ने कानूनी व्यवस्था रहेकोमा प्रस्तुत विवादमा सोअनुरूप नगरी विपक्षी अन्तरिम गाउँ परिषद् आफैंले मिति २०६६।१०।२६ मा गाउँ विकास समितिको केन्द्र तोकी गा.वि.स. को भवन निर्माण गर्ने गरेको निर्णय तथा कार्यलाई कानूनअनुरूपको मान्न मिल्ने देखिएन । यसरी विपक्षी अन्तरिम गाउँ परिषद्ले मिति ०६६।१०।२६ मा गाउँ विकास समितिको केन्द्र तोकी गा.वि.स.को भवन निर्माण गर्ने गरेको निर्णय तथा कार्य कानूनअनुरूपको नहुँदा गाउँ परिषद्ले मिति २०६६।१०।२६ मा गाउँ विकास समितिको केन्द्र तोकी गा.वि.स.को भवन निर्माण गर्ने गरेको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । विपक्षीहरूको उल्लिखित निर्णय तथा कार्य बदर भएको हुँदा अब उल्लिखित स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ४ अन्तर्गत कानूनको प्रक्रिया पुऱ्याई गाउँ विकास समितिको केन्द्र तोक्ने तथा भवन निर्माण कार्य अगाडि बढाउनु भनी विपक्षीहरूको नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५-CR-०२५२, झूठा विवरण पेश गरी नागरिकता बनाएको, *नेपाल सरकार वि. रामहृदय साह सुडी समेत*

प्रतिवादीहरूमध्ये रामहृदय साह सुडीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान कागज गर्दा जीतेन्द्र पञ्जियारको नागरिकतासम्बन्धी अनुसूची फाराममा भएको सहिछाप आफ्नै हो भनी स्वीकार गरेको भए तापनि अदालतसमक्षको बयान गर्दा उक्त सनाखत, सिफारिशको सही जानीजानी गरेको होइन, मेरा नातिले के कुन कागजमा छाप लगाउन लगाए थाहा भएन भनी कसूर गरेमा इन्कार रहेको पाइन्छ । अन्य विषयको वा अन्य उद्देश्यले वा सिफारिशसम्बन्धी कुनै कागजमा नजानी सही गरेको मात्र कारणले निजले सहिछाप गरेको एकमात्र आधारमा कसूरदार ठहर गर्न न्यायसंगत हुँदैन । फौजदारी कसूर हुनका लागि आपराधिक मनसाय रहेको वा नियतवश कानूनप्रतिकूल कुनै कार्य गरेको तथ्य स्थापित हुनु पर्दछ । प्रस्तुत मुद्दामा यी प्रतिवादीले जानीजानी

मनसायपूर्वक नागरिकताको फाराममा सिफारिश गर्ने महलमा सहिछाप गरेको भन्ने प्रमाणित नभएको अवस्था हुँदा उपरोक्त कानूनी व्यवस्थाको आधारमा निजलाई कसूरदार ठहऱ्याउन नमिल्ने ।

प्रतिवादीहरू सुट्टा साफी, पञ्चु साह, विजयकमार, जीतेन्द्र साह र कमलनारायण समेतले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गर्दा समेत प्रतिवादी जीतेन्द्र पञ्जियार सानैदेखि रामहृदय साहको घरमा बसेको देखिएकोले निजकै छोरा होला भन्ने सम्झी प्रतिवादी रामहृदय साहले अनुसूची फाराममा छोरो भनी सहिछाप समेत गरेको हुँदा विश्वासमा परी सर्जमीनमा सहिछाप गरेको हो भनी आफूले सहिछाप गरेको तथ्यलाई सम्म स्वीकार गरी जानीजानी सही गरेको होइन भनी आरोपित कसूरमा इन्कार रहेको देखिन्छ । प्रतिवादी सुटर धुनियाले पनि आरोपित कसूर जानीजानी गरेको हो भनी वादी पक्षले पुष्टि गर्न सकेको नदेखिँदा नेपाल नागरिकता ऐन, २०२० को दफा १५ मा "जानीजानी" सिफारिश गरेमा मात्र कसूर हुने व्यवस्था भइरहेको सन्दर्भमा यी प्रतिवादीहरूले जानीजानी मनसायपूर्वक झूट्टा विवरण उल्लेख गरी सरजमीन तथा सिफारिशमा सहिछाप गरेको तथ्य विवादरहित तवरबाट पुष्टि हुने सकेको छैन । ठोस र विवादरहित प्रमाणबाट निज प्रतिवादीहरूले आरोपित कसूर गरेको भन्ने पुष्टि एवं प्रमाणित हुन आएको नदेखिँदा निजहरूलाई कसूरदार मान्न नसकिने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६८ साल माघ २ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६८-RC-००२५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लालबहादुर कामी*

सहअभियुक्तका रूपमा रहेका प्रतिवादी लालबहादुर समाल र कृष्णबहादुर समालले मौकामा अधिकारप्राप्त अधिकारी एवं अदालतमा बयान गर्दा प्रतिवादी लालबहादुर कामी समेतका हामी तीनजना प्रतिवादीहरूले मृतक रत्नबहादुरलाई खुकुरीले पटक-पटक प्रहार गरी मारेको भनी आरोपित कसूरमा आफू समेत सावित भई यी प्रतिवादी लालबहादुर कामीलाई समेत पोल उजूर गरेको अवस्था छ । घटनाबाट पीडित वारदातस्थलमा रहेका प्रत्यक्षदर्शी साक्षी मृतककी श्रीमती, छोरी तथा छोरा क्रमशः मनमाया, सुकमाया र मंगलबहादुर किडरिङको मौकाको भनाई, निजहरूले अदालतमा गरेको बकपत्र समेतबाट सहअभियुक्तहरूका रूपमा रहेका उपर्युक्त प्रतिवादीहरूको साविती बयानलाई शंकारहित तवरले पुष्टि गरिरहेको पाइन्छ । त्यसैगरी मिसिल संलग्न जाहेरी दरखास्त, जाहेरवालाले अदालतमा आई गरेको बकपत्र, घटनास्थल मुचुल्का लास जाँच मुचुल्का, मौकामा बुझिएका मानिसहरूको भनाई समेतका शृङ्खलावद्ध प्रमाणहरूबाट यी प्रतिवादीउपर लागेको अभियोग समर्थित भइरहेको अवस्था छ । यदि यी प्रतिवादी माथि लागेको आरोप सही सत्य नभएको भए निजले मौकामा नै अदालतमा उपस्थित भई आफ्नो निर्दोषिता प्रमाणित गर्न सक्नुपर्ने हुन्थ्यो । तर त्यस विपरीत यी प्रतिवादी प्रस्तुत मुद्दाको वारदात घटेको समयदेखि नै फरार रही अभियोग दावीलाई थप बल पुऱ्याइरहेको देखिन्छ । यस्तो अवस्थामा यी प्रतिवादी लालबहादुर कामी निर्दोष रहेछन् भनी अनुमान गर्न नसकिने हुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद समेतको सजाय हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल चैत १२ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८-WH-००६१, बन्दीप्रत्यक्षीकरण, *पुष्पराज पौडेल वि. कारागार कार्यालय, धादिङ समेत*

निवेदक अब्राम तामाङ डाँका मुद्दामा लागेको कैद र जरीवानाबापत धादिङ जिल्ला अदालतको फैसलाअनुसार कारागारमा रहेको र निजको उमेर १५ वर्ष रहेको भन्ने प्रत्यर्थी कारागार कार्यालयको लिखित जवाफ, मिसिल संलग्न धादिङ जिल्ला अदालतको फैसला समेतबाट देखिएको छ । निज अब्राम तामाङको उक्त डाँका मुद्दाको फैसलाउपर पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परी विचाराधीन रहेको भन्ने धादिङ जिल्ला अदालतको लिखित जवाफ समेतबाट देखिएको स्थितिमा जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन

तहको अदालतबाट परिवर्तन नभएसम्म कायम नै रहेको मान्नुपर्ने र धादिङ जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालत पाटनबाट परिवर्तन नभएसम्म बालसुधार गृहमा राख्नुपर्ने अवस्थाका बालकलाई कारागारमा राखेको मात्र कारणबाट त्यस्तो कैदलाई गैरकानूनी वा असंवैधानिक मानी निवेदन जिकीरबमोजिम निजलाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्न नमिल्ने ।

प्रचलित कानूनबमोजिम बालसुधार गृहमा राख्नुपर्ने नाबालक व्यक्तिलाई कारागारमा राखेको कार्यविधि त्रुटिपूर्ण रहेको हुँदा त्यस्तो कार्यविधिलाई यस अदालतबाट नजरअन्दाज गर्न पनि न्यायसंगत् हुँदैन । त्यसैले निज १५ वर्षको बालक अब्राम तामाङलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२(२) (ख) बमोजिम बालसुधार गृहमा राख्नुपर्ने हुँदा कारागार कार्यालय, धादिङका नाममा आदेश जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल चैत ७ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CR-००१७, जालसाज, *वैद्यनाथप्रसाद साह वि. भागवतप्रसाद साह*

मिति २०३३।३।२४ मा बण्डापत्रको लिखत पारीत गरी छुट्टी भिन्न भइसकेका वादीका पिता कुजीलालले मिति २०६१।२।२५ मा आफ्नो अंश भागको सम्पत्ति प्रत्यर्थी प्रतिवादीमध्येका भागवतप्रसाद साहलाई बिक्री गरेको देखिएको अवस्थामा त्यतिखेर नै अर्थात् मिति २०३३।३।२४ पिता कुजीलालसँग भिन्न भएका यी छोरा पुनरावेदक वादीले एकासगोलको अंशियार भएको र पिताले आफ्नो समेत अंश हक लाग्ने सम्पत्ति बिक्री गरेको भनी जालसाजमा लिएको दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः बेदना आधिकारी

इति संवत् २०६८ साल फागुन १७ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको २०६७-CR-००१६, जालसाज, *वैद्यनाथप्रसाद साह वि. रामनारायणप्रसाद साह* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-WO-१०११, उत्प्रेषणयुक्त परमादेश, *उद्धवकुमार के.सी. वि. काठमाडौं महानगरपालिका समेत*

कुनै सक्षम निकाय वा अदालतबाट जे जस्तो फैसला भएको छ सोही फैसलाको अधीनमा रही फैसला कार्यान्वयन गर्ने पदाधिकारीको दायित्व र कर्तव्य हुन्छ । फैसला भन्दा बढी उक्त फैसलामा कार्यान्वयन गर्ने कार्य कानूनविपरीत हुन्छ । अतः काठमाडौं महानगरपालिकाको मिति २०६७।३।९ को निर्णयमा कि.नं. ५२१ को जग्गामा रहेको पर्खाल यी निवेदकले भत्काउन पर्ने र निजले नभत्काए कार्यालयबाट भत्काउँदा लाग्ने खर्च यी प्रतिवादी रहेको रिट निवेदकले व्यहोर्नु पर्ने भन्ने उल्लेख भएको नदेखिएको अवस्थामा सो फैसला प्रतिकूल र फैसला भन्दा बढी कुरामा लेखिएको उक्त पत्रबाट निवेदकको संविधानप्रदत्त सम्पत्तिसम्बन्धी हकमा प्रतिकूल असर पर्न सक्ने देखिँदा काठमाडौं महानगरपालिकाको मिति २०६८।१।५ च.नं. ६४४ को पत्रमा लेखिएको उक्त निर्णय कार्यान्वयन गर्दा लागेको खर्च निवेदकबाट सरकारी बाँकी सरह असूलउपर गरिने भन्ने व्यहोरा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल फागुन १६ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कमलनारायण दास,** ०६४-CI-०४४३, जग्गा खिचोला चलन समेत, *रेणुकुमारी खत्री वि. लीलाकुमारी आलेमगर*

प्रत्यर्थी वादीले आफ्नो फिरादमा कि.नं. ७०९ को जग्गाको पश्चिमतर्फ प्रतिवादीको कि.नं. १२२ को जग्गाको पूर्वतर्फबाट लम्बाई फीट ९८ चौंडाई फीट ५ को ज.रो. ०-१-१-३ जग्गा मिची खिचोला गरेको भनी दावी लिएको देखिन्छ । वादीको दर्तामा कि.नं. ७०९ मा ज.रो. ०-२-० जग्गा रहेको देखिएको छ । अदालतबाट भई आएको मिति २०६२।२।२४ को नक्साबाट न.नं. १७ को ज.रो. ०-१-०-१ जग्गा निज

वादीको भोगमा रहेको भन्ने देखिएको र निजको जग्गाबाट केही भाग उत्तरतर्फ न.नं. ३(०-०-०-३) र न.नं. ६(०-०-०-३) गरी जम्मा जग्गा ज.रो. ०-०-१-२ बाटोमा समेत परेको अवस्था छ। उक्त बाटोमा परेको जग्गा समेत घटाउँदा निज वादीको स्रेस्ताअनुसारका ०-०-२-१ जग्गा नपुग हुन गएको तथ्यमा कुनै विवाद छैन। प्रतिवादीको कि.नं. १२२ को जग्गामध्येकै न.नं. ७ को जग्गा बाटोमा परेको र निजको कि.नं. १२२ को जग्गामा स्रेस्ताभन्दा बढी जग्गा देखिन आएको छ। यसरी वादीको सेस्ताअनुसारको जग्गा नपुगेको र प्रतिवादीको स्रेस्ताभन्दा बढी जग्गा देखिएको अवस्थामा पुनरावेदन अदालतले न.नं. १६ समेतका जग्गामध्येबाट ०-०-२-१ रोपनी जग्गा वादीले प्रतिवादीबाट खिचोला मेटाई चलन समेत पाउने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६८ साल फागुन १५ गते रोज २ शुभम्।

- यसै लगाउको ०६४-CI-०४४४, निषेधाज्ञा, *रेणुकुमारी खत्री वि. लीलाकुमारी आलेमगर* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CI-०७१८, अंश, *ठोमरा खवास समेत वि. अन्तुलाल खवास*

प्रतिवादीहरूले एकासगोलमा रहँदा अन्य व्यक्तिबाट खरीद गरेको जग्गा आफ्नो ज्ञान सीपबाट हासिल गरेको निजी आर्जनको जग्गा हो भन्ने जिकीर लिए पनि वस्तुनिष्ठ प्रमाणको अभावमा जिकीर लिनु मात्र पर्याप्त मान्न सकिँदैन। त्यस्तो जिकीर पुष्टि गर्ने प्रमाणको भार प्रतिवादीमा रहन्छ। प्रतिवादीबाट स्वतन्त्र तथा विश्वासप्रद प्रमाण पेश गरी सो जिकीर पुष्टि गर्न सकेको देखिएन। त्यसैगरी एकासगोलकै बाबु ससूराबाट छोरा बुहारीलाई दिएका बकसपत्रलाई मान्यता दिँदै जाने हो भने मन नपरेका अंशियार आफ्नो अंश हकबाट बञ्चित हुन पुग्दछन्। यसरी एकासगोलका परिवारका नाममा रहेका सम्पत्तिहरू मुलुकी ऐन, अंशबण्डाको १८ नं. बमोजिम बण्डा नलाग्ने निजी आर्जनको नदेखिएको अवस्थामा बण्डा लाग्ने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला कानूनसम्मत् देखिने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल चैत २२ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-०९७७, अंश चलन, *चिन्तामणि दाहाल वि. रीतादेवी घिमिरे*

प्रतिवादीको सुनसरी जिल्लाअन्तर्गत समेत घर बसोबास गरिरहेको कुरा मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको देखिँदा प्रतिवादीउपर पर्न आएको प्रस्तुत अंश मुद्दा अ.बं. २९ नं. बमोजिम त्यस अदालतको अधिकारक्षेत्रभित्रको देखिएको तथा प्रतिवादीले प्रतिउत्तर समेत फिराई सकेको अवस्थामा सुनसरी जिल्ला अदालतले दुबै पक्षका प्रमाण बुझी मुद्दाको फैसला गर्नुपर्नेमा सो नगरी त्यस अदालतको मूल दायरी लगत कट्टा गरी संखुवासभा जिल्ला अदालतमा तारिख तोकी हाजिर हुन जानु भनी गरेको मिति २०६७।३।२८ को निर्णय आदेश त्रुटिपूर्ण देखिँदा बदर गरी कानूनबमोजिम कारवाही किनारा गर्न पक्ष विपक्षलाई तारिख तोकी मिसिल सुनसरी जिल्ला अदालतमा पठाई दिने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल चैत २२ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-१३८१, अंश दर्ता चलन, *शिवचन्द्र चौधरी वि. सत्यनारायण चौधरी समेत*

कि.नं. २७७ को जग्गा परिवारबाहिरको व्यक्ति रामेश्वर यादवबाट शिलादेवीका नाउँमा र.नं. २२५ को हालैको बकसपत्रको लिखतबाट आएको देखिन्छ। अन्य अंशियारलाई अंश हकबाट बञ्चित गर्न लिखतलाई बकसपत्रको संज्ञा दिई खरीद गरिएको भन्ने वादीको कथन भई सोलाई प्रमाणद्वारा पुष्टि गर्न नसकेको

अवस्थामा २०५२।४।४ को लिखतबाट आएको ०-०-१० बण्डा लाग्ने भन्न नमिल्ने ।

प्रतिवादी सत्यनारायण जनकपुर चुरोट कारखानाको कर्मचारी रहेको र निजले २०३७ सालमा घरसापटी र २०४८ सालमा सञ्चयकोष सापटी लिएको तथ्य जनकपुर चुरोट कारखाना लिमिटेडको मिति २०६१।३।२ को पत्रबाट देखिन्छ । जनकपुर चुरोट कारखानाको प्रिन्टिङ्ग युनिटमा काम गर्ने कर्मचारीले सञ्चय कोष सापटी र घर सापटी समेत लिएको देखिएको अवस्थामा सो नोकरीको ऋण तथा आम्दानीबाट श्रीमतीको नाममा जग्गा खरीद गरेको भनी लिएको जिकीर अन्यथा देखिन आएन । यस स्थितिमा सो कि.नं. ३७० को जग्गा निजी आर्जनको मानी बण्डा नलाग्ने ।

कि.नं. २७७ एवं कि.नं. ३७० को जग्गा प्रमाणबाट निजी आर्जनको देखिन आएको कारणले यी दुई कित्ता सम्ममा वादीले अंश नपाउने गरी यी दुई कित्ताका हकमा मात्र शुरू धनुषा जिल्ला अदालतको फैसला केही उल्टी गरी अरू सम्पत्तिका हकमा जिल्ला अदालतले गरेको फैसला सदर गरी वादीले तीन भागको एक भाग अंश पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल चैत २२ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६७-CI-१३८०, दृष्टिबन्धक लिखत बदर, *शिवचन्द्र चौधरी वि. शीलादेवी चौधरी समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-CI-१४१३, खाना खर्च समेत दिलाई पाऊँ, *ओमप्रसाद बराल वि. ज्ञानु ढुङ्गाना (बराल)*

ओमप्रसाद बराल ठाकुरराम बहुमुखी क्याम्पस वीरगञ्जमा उपप्राध्यापक पदमा कार्यरत् रही मासिक पारिश्रमिक भत्ता समेत जम्मा रू.२१,८५७।- रहेको पाइन्छ । निजका आश्रितलाई खाना खर्च भराउनु पर्दा निजको आम्दानीको स्पष्ट र निर्धारित रकमलाई आधार लिनुपर्ने हुन्छ । यस सन्दर्भमा उनलाई पारिश्रमिकवापत उनी कार्यरत् संस्थाबाट कति भुक्तानी गरिन्छ भन्ने कुराले महत्व राख्दछ । मानाचामल खर्च पाउने सन्दर्भमा प्रतिवादीले कुन आम्दानी कति छ र त्यो आम्दानीमा को को व्यक्ति आश्रित छन् भन्ने कुराले अर्थ राख्दछ । यी प्रतिवादीको कान्छी श्रीमती शीलासँग सम्बन्ध बिच्छेद् भैसकेको, जेठी श्रीमती वादीको आफ्नै आम्दानी हुनाका अतिरिक्त पुनरावेदन अदालतले निजलाई खाना खर्च भराइदिन नपर्ने ठहर गरेतर्फ निजको यस अदालतमा पुनरावेदन नपरेको अवस्थामा एक छोरी ओसीन, छोरा विवेक र उनी गरी तीनजना उनको आम्दानीमा आश्रित हुनुपर्ने देखियो । कसैलाई मानाचामल वा खाना खर्च भराई दिनु पर्दा सो व्यहोर्न पर्ने मूल व्यक्तिको आम्दानीका आधारमा प्रतिव्यक्ति विभाजन गर्नुपर्ने हुँदा पति/पिताका रूपमा रहेका प्रतिवादीको आम्दानीको अनुपातमा वादी एकजनालाई खाना खर्च र शिक्षादीक्षाबापत मासिक रू.७२८५।- भराउन न्याय तथा कानूनसम्मत नै हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल चैत २२ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-१५९८, ०६८-CI-०४२०, अंश चलन, *सानुमाया महर्जन समेत वि. बुद्धिलाल महर्जन, रत्नमाया महर्जन वि. बाबुलाल महर्जन समेत*

लिखतमा बकसपत्र शब्द प्रयोग गर्दैमा त्यसमा उल्लिखित सम्पत्ति स्वतः बण्डा नलाग्ने प्रकृतिमा पर्ने होइन । तर बकसपत्र दाता र प्राप्तकर्ताको सम्बन्ध, बकसपत्र दिनुपर्ने कारणको औचित्यको प्रामाणिक विश्लेषण गरी निष्कर्ष निकाल्नु पर्ने हुन्छ । सो बकसपत्रको लिखत गर्दा राजीनामा सरह रकम लेनदेन भएको, अन्य अंशियारलाई अंशहकबाट बञ्चित गर्न मात्र बकसपत्र शब्द लेखिएको र दाताले प्राप्तकर्तालाई बकस दिनुपर्ने कुनै कारण तथा औचित्य नरहेको कुरा सो लिखतमा उल्लिखित सम्पत्ति बण्डा लागोस् भन्ने पक्षले प्रमाण दिई सो प्रमाणित भएमा बकसपत्र लेखिएको सम्पत्ति पनि बण्डा हुन सक्दछ । यस सन्दर्भमा सगोलकै सम्पत्ति लगानी गरी श्रीमतीका नाममा बकसपत्र गर्ने जालसाजीयुक्त व्यवहार गरेको जिकीर प्रमाणबाट पुष्टि भएको स्थितिमा बकसपत्र शब्द लेखिँदैमा सोमा उल्लिखित सम्पत्ति बण्डा लाग्दैन भन्न नसकिने ।

सगोलको अवस्थामा राजीनामा पारीत गराई लिएको घरजग्गालाई निजी ज्ञान सीपबाट आर्जन गरिएको सम्पत्ति हो भनी जिकीर मात्रको आधारमा अनुमान गर्न मिल्दैन । निजी ज्ञान सीपबाट आर्जन गरी खरीद गरेको भने पनि वस्तुनिष्ठ प्रमाणको अभावमा एकासगोलमा रहेको कुनै अंशियारको नाममा रहेको तथा खरीद गरेको सम्पत्तिमा सबै अंशियारको समान हक लाग्ने ।

एकासगोलमा रहेको बसेको अवस्थामा कुनै अंशियारले अर्को अंशियारलाई सगोलको पैतृक सम्पत्तिको हक हस्तान्तण गर्दैमा त्यस्तो सम्पत्तिमा अन्य अंशियारको हकाधिकार समाप्त हुन्छ भन्न मिल्ने देखिँदैन । एकासगोलका अंशियारमा भएको हक हस्तान्तरणलाई मान्यता दिँदै जाने हो भने मन नपरेको अंशियारको जो कसैले जो कसैको हक मेटाउने ध्येयले मन परेको अंशियारलाई हक हस्तान्तरण गर्दै जाने सम्भावना हुन्छ । पैतृक सम्पत्तिमा एकासगोलको सबै अंशियारको हकलाई नैसर्गिक हकको रूपमा स्वीकारिएको छ । त्यसैले प्रमाण ऐन, २०३१ दफा ६ ले जुनसुकै सगोलका अंशियारका नाउँमा रहेको सम्पत्तिमा सबै अंशियारको समान हक लागु भनी अदालतले अनुमान गर्ने गरी विधायिकाले अदालतलाई यस सम्बन्धमा न्यूनतम् मापदण्ड निर्देशित गरेको देखिन्छ । उक्त घर जग्गा त्यसरी हक छाडी दिने निजको पति राम महर्जनको स्वआर्जनको सम्पत्ति नभई पैतृक सम्पत्ति देखिन्छ । यसरी एकासगोलका अन्य अंशियारको अंश हकमा असर पर्ने गरी हक हस्तान्तरण गर्दैमा सगोलका अन्य अंशियारहरूको हक अधिकारमाथि प्रतिकूल असर पर्न सक्दैन । साथै आमा बाबुका नाममा जुनसुकै स्रोतबाट आएको सम्पत्ति निजहरूका सन्तान अर्थात् दोस्रो तहका अंशियार छोराछोरीका लागि पैतृक सम्पत्ति नै मान्नु पर्ने र त्यस्ता छोराछोरीलाई बण्डा हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल चैत २२ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CR-०५५१, बहुविवाह *नेपाल सरकार वि. धनबहादुर घर्ती समेत*

मिसिल संलग्न रसिद नं. ६५५ को व्यहोरा हेर्दा विवाह दस्तूर रू.१००।- भनी प्रतिवादीहरूको नाम उल्लेख गरेको भए पनि उल्लेख गरिएको मन्दिरको नाम खुलाइएको देखिँदैन । त्यस्तो नाम नै उल्लेख नभएको मन्दिरको रसिद भनी अम्बिकेश्वरी मन्दिरको रसिद नै हो भन्ने यकीन हुन नसकेको अवस्थामा उक्त बेनामी रसिदका आधारमा यी प्रतिवादीहरूबीच एकापसमा विवाह भएको भनी निष्कर्षमा पुग्नु र सो कार्यलाई विहावारीको ९ र १० नं. विपरीतको कसूर स्थापित गर्नु न्याय कानून र विवेकको आधारमा समेत न्यायसँगत देखिन नआउने ।

प्रतिवादी धनबहादुर घर्ती पूर्ण कसूरमा इन्कार रहेको तथा लोग्ने स्वास्नीबीच भएको झगडामा लोग्नेलाई सताउन झुट्टा जाहेरी दिएको भन्ने प्रतिवादीका साक्षीको बकपत्र समेतबाट पुष्टि भएको एवं वादी पक्षबाट नाम नै उल्लेख नभएको रसिदको प्रतिलिपि समेत पेश भएको यस्तो अवस्थामा शंकाका भरमा प्रतिवादीहरूलाई विहावारीको १० नं. अनुरूप सजाय गर्न कानूनसम्मत नहुँदा यी प्रतिवादीहरूलाई सफाइ हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल माघ ५ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CR-००७३, कुटपीट, *सत्यनारायण यादव वि. जोखन यादव समेत*

वारदातको प्रकृतिबाट प्रतिवादीहरूको संख्या ५ जना भएको समेत देखिएकोमा प्रतिवादीहरू ५ जना भै कुटपीट गरेको देखिएको यस्तो अवस्थामा निजहरूलाई कुटपीटको महलको १० नं. बमोजिम हुने सजायमा कुटपीटको महलको १८ नं. बमोजिम प्रतिवादीहरू रामजी यादव, सुरेन्द्र यादव, दयानन्द यादव, श्यामलाल यादव, जोखन यादवलाई मुलुकी ऐन, कुटपीटको महलको १० नं. बमोजिम सजाय र १८ नं. बमोजिम थप जनही रू.२००।- जरीवाना हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल माघ ५ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-WO-१०१९ उत्प्रेषण, परमादेश, *रामेश्वरप्रसाद कलवार वि. पुनरावलोकन समिति, नेपाल विद्युत प्राधिकरण, रत्नपार्क समेत*

बढुवाको प्रयोजनको लागि सेवा प्रवेश गर्दाको न्यूनतम् शैक्षिक योग्यता के हो भन्ने कुरा प्राज्ञिक र प्राविधिक रूपमा निर्धारण गर्ने कुरा हो। शैक्षिक उपाधिको तह निर्धारण गर्दा कुनै आधारभूत उपाधिभन्दा माथिल्लो उपाधि भनेको सो विषयकै माथिल्लो उपाधि भन्ने बुझिन्छ। कुनै उपाधि वा तहको उपाधिसँग अन्य धेरै उपाधिहरू सान्दर्भिक हुन सक्छन्। तर तोकिएको न्यूनतम् शैक्षिक योग्यताभन्दा माथिल्लो उपाधि भनेको सान्दर्भिक विषयहरू समेटिएको भन्ने आधारमा निर्धारण हुने नभई विश्वविद्यालयहरूले उपाधिको तह निर्धारण गर्दा अपनाइएको मापदण्डको रोहमा विचार गर्नुपर्ने।

न्यूनतम् शैक्षिक योग्यताभन्दा माथिल्लो उपाधि भनेको जुन शैक्षिक योग्यताको हकमा प्रश्न उपस्थित भएको छ। सोको सीधा माथिल्लो उपाधि भन्ने नै बुझिन्छ र अन्य उपाधिहरू सान्दर्भिक वा वाञ्छनीय भई सोलाई पनि बढुवाको लागि विचारणीय मानेको हो भने विनिमावलीमा नै अतिरिक्त व्यवस्था गरेर समावेश गर्नुपर्ने।

निवेदकले हासिल गरेको शैक्षिक उपाधि निजले दावी गरेको तहको पदको लागि न्यूनतम् शैक्षिक योग्यताभन्दा माथिल्लो तहको उपाधि रहेको देखिन नआएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रमेशप्रसाद रिजाल

इति संवत् २०६८ साल माघ ४ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-WO-११७८, उत्प्रेषणयुक्त परमादेश, *इन्द्राकुमारी गिरी वि. गगनदेव गिरी समेत*

आमाले दोस्रो विवाह गरेकै कारणबाट यी नाबालक छोरीहरूको हकमा आमाको संरक्षकत्वसम्बन्धी हकमा असर पर्ने देखिन्न। आमाको कानूनी हकमा हैसियत परिवर्तन भई दोस्रो विवाहपछि पहिलो विवाहका नाताले सिर्जित सम्बन्धमा हैसियत परिवर्तन हुने भए पनि आफूले जन्माएको छोराछोरीको संरक्षकत्वको सम्बन्धमा आमाले दोस्रो विवाह गरेकै कारणले संरक्षकत्व गुमाउनु पर्ने अवस्था रहँदैन। बच्चालाई जन्मदिने आमाको हैसियत अन्य कुनै सम्बन्ध वा हैसियतबाट परिवर्तन हुन नसक्ने स्थायी हैसियत हो। आमाको पति वा अरू सम्बन्धहरू फेरिन सक्छ। तर, आफूले जन्माएको छोराछोरीको लागि आमा अपरिवर्तनीय रहन्छ। विभिन्न परिस्थितिले गर्दा आमाले दिनसक्ने सरसुविधा वा हेरविचारको मात्रा वा स्तरमा अन्तर हुन सक्छ। तर, मातृवात्सल्यको प्रकृति र गुण उस्तै रहन्छ। त्यसैले आमाको आफ्ना छोराछोरीहरूलाई संरक्षकत्व दिन चाहुञ्जेल र आमाको वैवाहिक स्थितिमा भएको परिवर्तन वा अन्य खास कारणले बच्चाको हेरविचार गर्न वा स्वाभाविक रूपमा मातृवात्सल्य र संरक्षकत्व दिन खास कारणले असम्भव परिस्थिति सिर्जना भएको देखिन आई बालकको सर्वोत्तम हितलाई ध्यानमा राखेर सम्बन्धित अधिकारीले अन्यथा निर्णय गरेको बाहेक बालबालिकालाई आमाको संरक्षकत्वमा रहन पाउने स्वाभाविक हक रहन्छ र त्यसकै पूरक रूपमा आमालाई पनि पछिबाट आएको वैवाहिक सम्बन्धमा आएको परिवर्तनको अतिरिक्त पनि आफ्ना बालबालिकालाई संरक्षकत्व दिन पाउने स्वाभाविक हक रहन्छ। खास कारणहरूले अनुपयुक्त देखिएको बाहेक बालबालिकाको संरक्षकत्व लिन पाउने आमाको अधिकार प्राथमिकताको विषय पनि बन्दछ। त्यसैले वैवाहिक स्थितिमा आएको परिवर्तनलाई नै आमाको संरक्षकत्वको अधिकारलाई विस्थापित गर्ने सहज कारण बनाई बालबालिकालाई आमाबाट अलग्याउने सोच राख्न नहुने।

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २२ आकर्षित हुने पूर्वावस्था नै विद्यमान नभएको अवस्थामा संरक्षक तोक्ने प्रयोजनका लागि जिल्ला प्रशासन कार्यालय, सुर्खेत समेतबाट भएको सोसम्बन्धी सिफारिश, सर्जमीनलगायतका कामकारवाही र सोका आधारमा गरिएका निर्णयको औचित्य समेत कानूनतः नरहने हुनाले जिल्ला प्रशासन कार्यालय, सुर्खेतको सिफारिश समेतको आधारमा जिल्ला बालकल्याण समिति, सुर्खेतबाट मिति २०६८।२।१८ को

निर्णयबमोजिम विपक्षी गगनदेव गिरीलाई नाबालिका आइश्मा गिरीको संरक्षक तोकेको र सोका आधारमा भए गरेको कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब यी निवेदिका इन्द्राकुमारी गिरीलाई नै ती नाबालक छोरी आश्मा गिरि र आइश्मा गिरीका संरक्षकत्व कायम हुने गरी आवश्यक निर्णय गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, सुर्खेत समेतका नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल माघ ५ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-CR-०७१५, केही सार्वजनिक अपराध, *नेपाल सरकार वि. परमात्मा नेपाल*

बुढानीलकण्ठ नारायण मन्दिरको पुजारीबाट राजीनामा दिएपछि प्रतिवादी परमात्मा नेपालउपर मन्दिरमा हुने दैनिक पूजाआजामा निजले भक्तजनहरूलाई बाधा अवरोध सिर्जना गरेको भन्ने आरोपमा प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष कसूरमा सावित भई बयान गरे पनि जिल्ला प्रशासन कार्यालयमा आफू कसूरमा इन्कार रही बयान गरेको देखिन्छ । उक्त बयानमा निजले आफू मन्दिरमा पूजा गरी मन्दिरको दर्शन गरी बाहिर फर्कन लाग्दा प्रहरीले पक्राउ गरेको भनी इन्कारी बयान गरेको देखिन्छ । निजउपर भेटी हिनामिना गरेको आरोपमा निजले राजीनामा दिई बसेको अवस्थामा यी प्रतिवादीले मन्दिरमा बाधा विरोध गरेको भन्ने आरोप लगाई मुद्दा दायर भएको भन्ने तथ्यबाट देखिन्छ । आफू उक्त मन्दिरमा पहिले पुजारी भएकोमा भेटी हिनामिनाको आरोपमा राजीनामा दिएकै कारणबाट आफू पुजारी रहेको मन्दिरमा आफैंले भक्तजनहरूलाई बाधा अवरोध सिर्जना गर्नुपर्ने युक्तियुक्त अवस्था समेत नदेखिने ।

प्रतिवादी रामकृष्ण थापाको बयानबाट समेत परमात्मा नेपालले स्वेच्छाले राजीनामा नदिई निजलाई प्रहरीले पक्राउ गरी राजीनामा गराएको भनी उल्लेख गरेको देखिन्छ । त्यस्तै वारदातका सम्बन्धमा उजूरी दिएपश्चात् पनि सो वारदातका विषयमा थप अनुसन्धान तहकीकात समेतको कार्य सम्पन्न गरेको अवस्था पनि देखिन आउँदैन । वारदातको विषयमा थप अनुसन्धान नै नगरी अभियोगपत्र दायर गरेको यस्तो अवस्थामा प्रतिवादीलाई आरोपित कसूरमा अभियोग दावीबमोजिम सजाय गर्न न्याय, विवेक र कानूनसम्मत समेत देखिन नआउँदा अभियोग दावीलाई पुष्टि गर्ने स्वतन्त्र प्रमाणको अभाव रहेको अवस्थामा अधिकारप्राप्त अधिकारीसमक्ष भएको प्रतिवादीको साविती बयानलाई मात्र आधार मानी निजलाई अभियोग दावीबमोजिम सजाय गर्न मनासिब नहुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल माघ ५ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CI-०६२२, लेनदेन, *लीलाबहादुर खत्री वि. मोतीराम बुढा*

भोगबन्धकीको लिखतमा उल्लेख गरेको सम्पत्ति भोग गर्न नपाए वा भोग गर्ने अवस्था नभएपछि २ वर्षको समयावधि पर्खिरहन पर्ने आवश्यकता नदेखिने ।

लिखतमा उल्लेख भएको सम्पत्ति भोग गर्न नपाएकोमा भोग गर्न नपाए जतिको कानूनबमोजिमको ब्याज समेत साहूले कपाली सरह भराई लिन पाउने व्यवस्था समेत मुलुकी ऐन रजिष्ट्रेशनको महलको ६ नं. ले गरेको हुँदा रूपैयाँ बुझिलिई सोबापत भोगबन्धकी लिखत गरी लिएदिएको र सो लिखतलाई करकापबाट भएको भने पनि सोको पुष्टि गर्न नसकेको अवस्थामा रजिष्ट्रेशनको महलको ६ नं. लेनदेन व्यवहारको ३ नं. अनुसार भोग गर्न नपाएपछि उक्त लिखत कपाली सरह भै दावीको रकम प्रत्यर्थी वादीले पुनरावेदक प्रतिवादीबाट भराई लिन पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल माघ ५ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको WH-००८६, बन्दीप्रत्यक्षीकरण, *केर्सी हजनवालाको हकमा सामु खड्का वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत*

निवेदक केर्सी कजनवालाउपरको मुद्दा प्रहरी प्रतिवेदनबाट उठान भएको भए पनि केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ मा वर्णित के कस्तो कार्य गरी कसूर गरेको हो त्यस्तो कसूर उल्लेख गर्न सकेको छैन । अभियोग लगाउँदा सशंकित कार्य गरेको भन्ने त्यस्तो शंकित कार्य के गरेको भन्ने कुरा स्पष्ट नहुँदा आरोप नै स्वयं शंकित मान्नुपर्ने ।

अभियोग लगाइँदा वस्तुनिष्ठ भई लगाउनु पर्छ । कसैको सनकको भरमा कुनै स्पष्ट कानूनी आधार र कारण बिना कुनै व्यक्तिउपर अभियोग लगाइनु न्यायिक हुँदैन । त्यस्तो कारण र आधार बिनाको अभियोग लगाई थुनामा राखिँदा नागरिकको स्वतन्त्रताको अपहरण समेत हुन पुग्छ । तसर्थ कसैउपर अभियोग लगाउँदा सचेत र संवेदनशील हुनु जरूरी छ । निज निवेदकलाई थुनामा राख्न म्याद थप दिँदा कुनै कुरा विचार गरी म्याद थप दिएको देखिन्न । अनुसन्धान गर्ने भनेको कसूर नै इङ्गित नगरी अनुसन्धान गर्न पनि नसकिने हुनाले त्यसरी गोश्वारा एवं हचुवाको रूपमा उचित कारण बेगर म्याद थप गरिदिएको अवस्थामा म्याद थप दिँदैमा वा मुद्दा चलाउन म्याद दिँदैमा निवेदकलाई राखेको थुना कानूनसंगत मान्न मिलेन । कानूनको विवेकसम्मत प्रयोग नगरी यान्त्रिक रूपमा प्रयोग गर्ने हो भने कानूनको दुरूपयोग भई व्यक्तिले आफ्नो हक अधिकारको व्यापक उल्लंघनको स्थिति भोग्नुपर्ने ।

निवेदकलाई पक्राउ गरी म्याद थप दिई थुनामा राखेको समेतको प्रक्रिया कानूनसंगत नभएकोले निवेदक केर्सी कजवानलाई राखिएको थुना गैरकानूनी देखिँदा निजलाई त्यस्तो गैरकानूनी हिरासतबाट मुक्त गरिदिनु भनी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल असार २८ गते रोज ३ शुभम् ।

**इजलास नं. ४**

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको रिट नं. ०६६-WO-००६५, उत्प्रेषण परमादेश, *डिल्लीप्रसाद अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

यसै विषयसँग सम्बन्धित निर्णयउपर निवेदक कान्छा तामाङ समेत विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको संवत् २०६५ सालको रिट नं. १००८ को उत्प्रेषण परमादेशको रिट निवेदनमा यस अदालतबाट मिति २०६६।७।२४ मा आदेश हुँदा निजामती सेवा ऐन, २०४९ को दफा १८ङ तथा दफा २४घ र २ र निजामती सेवा नियमावली, २०५० को नियम ३३ बमोजिम स्तरवृद्धि पाउने हक निवेदकहरूमा सुरक्षित भएको अवस्थामा सोबमोजिमको स्तरवृद्धि गर्नुपर्नेमा स्तर वृद्धि गर्न नमिल्ने भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भएको मिति २०६४।२।११ को निर्णय सो निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०६५।७।२८ मा भएको निर्णय र सोहीअनुसार गरिएको परिपत्र तथा पत्राचार समेत उत्प्रेषणको आदेशले बदर भई निवेदकहरूलाई निजामती सेवा ऐनको दफा १८ङ र दफा २४घ तथा निजामती सेवा नियमावली, २०५० को नियम ३३ बमोजिम स्तरवृद्धि गर्नु भनी परमादेश जारी गर्ने निर्णय भएकोमा सोही निर्णय समेतको आधारमा निवेदकलाई श्रेणीविहीन हलुका सवारी चालक पदको पाँचौं स्तरबाट तल झारी प्रथम स्तर कायम गरेको मिति २०६४।२।११ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को निर्णय मिति २०६५।८।३० आन्तरिक राजश्व विभागको परिपत्र र आन्तरिक राजश्व कार्यालय, भरतपुर चितवनको मिति २०६५।१०।८ को पत्र समेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब निवेदकलाई निजामती सेवा ऐन, २०४९ को दफा २४घ २ तथा निजामती सेवा नियमावली २०५० को नियम ३३ बमोजिम स्तरवृद्धि गर्नु भन्ने परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल माघ २४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको रिट नं. ०६६-WO-०२०३, उत्प्रेषण परमादेश, *कमलबहादुर श्रेष्ठ वि. शिक्षक सेवा आयोग, सानोठिमी समेत*

निवेदक कमलबहादुर श्रेष्ठ शिक्षक सेवा आयोग सानोठिमी भक्तपुरको मिति २०६७।८।१० को सिफारिश एवं जिल्ला शिक्षा कार्यालय, काभ्रेपलाञ्चोकको मिति २०६७।९।१३ को निर्णयअनुसार मिति २०६७।४।३० गतेदेखि जेष्ठता गणना हुने गरी निम्न माध्यमिक तहको द्वितीय श्रेणीको शिक्षक पदमा बढुवा भैसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भएकोले प्रस्तुत रिट निवेदनको तथ्यभित्र प्रवेश गरी अरू थप विचार र विवेचना गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: सरस्वती पौडेल

इति संवत् २०६८ साल माघ २४ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको रिट नं. ०६६-WO-०२०२, उत्प्रेषण परमादेश, *ईन्द्रबहादुर गेलाल वि. शिक्षक सेवा आयोग, सानोठिमी समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको रिट नं. ०६६-WO-०६७७, उत्प्रेषण परमादेश, *दुप्पा लामा समेत वि. ऋण असूली पुनरावेदन न्यायाधिकरण, अनामनगर काठमाडौं समेत*

रिट निवेदक समेतले विपक्षी बैंकलाई गरिदिएको २०४९।१।२९ को व्यक्तिगत जमानीको लिखतको व्यहोरामा उक्त कम्पनीले राष्ट्रिय वाणिज्य बैंकबाट गरेको र गर्ने सबै प्रकारका बैंकिङ्ग कारोवारको लागि जमानी बस्न मञ्जूर भएको भन्ने उल्लेख भएकोले उक्त कम्पनी र बैंकबीच सो मितिभन्दा पछि हुने कारोवारका लागि समेत दायित्व व्यहोर्न जमानीकर्ता विवन्धित हुँदा २०५४।५५ को कारोवारको लागि रिट निवेदक समेतको कुनै दायित्व नहुने भन्ने निवेदन दावी मनासिब भएन । सोहीबमोजिम उक्त २०४९।१।२९ को जमानीको व्यहोरा र शर्तअनुसार कर्जाको सीमाको घटबढले जमानीकर्ताको दायित्वमा कुनै तात्विक असर पर्ने हुँदैन । साथै बैंकको ऋण असूलीको विषयमा करार ऐन, २०२३ वा करार ऐन, २०५६ को हदम्यादसम्बन्धी व्यवस्था आकर्षित हुने नभै बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ को दफा १५(१) बमोजिमको हदम्याद लागू हुने भै उक्त हदम्यादभित्र शुरू ऋण असूली न्यायाधिकरणमा कर्जा असूलीको लागि विपक्षी बैंकको उजूरी परेको देखिँदा उक्त उजूरी हदम्याद नाघी दायर भएको भन्न नमिल्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: सरस्वती पौडेल

इति संवत् २०६८ साल माघ ६ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८ सालको रिट नं. ०६८-WO-०३०९, उत्प्रेषण परमादेश समेत, *रतननाथ योगी वि. सामान्य प्रशासन मन्त्रालय समेत*

कुनै पनि निजामती कर्मचारीले सिटरोल भरी पेश गर्दा त्यसका लागि आवश्यक पर्ने शैक्षिक योग्यता र नागरिकतालगायतका प्रमाणपत्रका प्रतिलिपि समेत संलग्न गरी सिटरोलको विवरणलाई पुष्टि गरेको हुन्छ । जहाँ सिटरोलका विवरण आफैंमा स्पष्ट छ, त्यस अवस्थामा सिटरोलले नै उल्लिखित कानूनको उद्देश्य पूरा गर्नेमा कुनै द्विविधा छैन । तर जब सिटरोलमा नै विवादित विवरणहरू आउँछन् र सरकारी कार्यालयमा रहेको रेकर्ड नै आपसमा विरोधाभाषपूर्ण र केरमेट गरिएको वा सच्चिएको स्थितिमा हुन्छ तब त्यसको स्पष्टता र पुष्ट्याइका लागि अन्य विवरणलाई प्रमाणको रूपमा ग्रहण गरिनु पर्ने ।

महत्वपूर्ण रेकर्ड र तथ्याङ्कहरू राख्ने अख्तियार पाएका सरकारी निकायले तथ्याङ्क र विवरणहरू बिग्रन नदिई कसैलाई अतिरिक्त लाभ र हानि नपुग्ने गरी सुरक्षितसाथ राख्नु पर्ने हुन्छ । त्यसमा तल माथि भएमा सरकारी अड्डाखानाको विश्वसनीयता धराशायी हुन्छ र अर्कोतर्फ कुनै कर्मचारीलाई गैरकानूनी लाभ वा हानि पुग्न सक्ने हुनाले यसतर्फ पूर्ण सचेत रही सावधानी अपनाउनुपर्ने ।

निजामती किताबखानाले यी निवेदकको जन्ममितिका सम्बन्धमा राखेको विवरण शंकास्पद र विवादित अवस्थामा रहेको देखिँदा त्यस्तो जन्म मितिलाई आधिकारिकता प्रदान गर्न वा त्यसलाई मान्यता दिई निजलाई मिति २०६८।७।१२ मा अनिवार्य अवकाश दिन मिल्ने नदेखिँदा सिटरोलको प्रति शैक्षिक योग्यताको

प्रमाणपत्र र नागरिकताको प्रमाणपत्र समेतमा एउटै जन्म मिति अर्थात् २०१४।७।१२ लाई नै निजको वास्तविक जन्ममिति मान्नुपर्ने ।

निवेदकको वास्तविक जन्ममिति २०१४।७।१२ लाई आधार नमानी शंकास्पद ढंगले सिटरोलमा सच्याइएको मितिलाई आधार मानी यी निवेदकलाई मिति २०६८।७।१२ देखि अनिवार्य अवकाश दिने भनी गरिएका पत्राचार त्रुटिपूर्ण देखिँदा विपक्षी निजामती किताबखानाको मिति २०६७।१।२६ को पत्र र विपक्षी जिल्ला हुलाक कार्यालय, रुकुमको मिति २०६८।३।२१ को पत्र समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निजको वास्तविक जन्ममिति २०१४।७।१२ लाई आधार मानी हाल प्रचलित निजामती सेवा ऐनका आधारमा हुन आउने ५८ वर्षको उमेरसम्म निजको सेवालाई निरन्तरता दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल फागुन ३० गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-WO-०७८८, उत्प्रेषण परमादेश समेत, *दिलप्रसाद आचार्य समेत वि. मालपोत कार्यालय, दोलखा चरिकोट समेत*

अदालतबाट जारी भएका आदेश र फैसलाको कार्यान्वयन गर्नु सम्बद्ध सरकारी निकायको कर्तव्य हुन आउँछ । यो संवैधानिक व्यवस्था हो र कानूनी राज्यको मान्यता पनि हो । यस अदालतले गरेको निर्णयको बेवास्ता वा उपेक्षा गर्न मिल्दैन । सबूद प्रमाण बुझी यी निवेदकहरूले छूट दर्ता सम्बन्धमा दिएका निवेदनमा निर्णय गर्नु भनी यस अदालतले गरेको आदेश कार्यान्वयन हुनै पर्छ । मालपोत कार्यालयको यो कानूनी दायित्व पनि हो । जग्गा नाप जाँच ऐन, २०१९ बमोजिम साविकमा गठित समिति हाल विघटन भई अस्तित्वमा नरहेबाट जग्गा दर्ताको सम्पूर्ण जिम्मेवारी विपक्षी मालपोत कार्यालयमा नै भएको देखिन आउने ।

विवादको जग्गा सरकारी नै हो वा व्यक्तिगत हो तत्सम्बन्धमा प्रमाण बुझी निर्णय गर्न विपक्षी मालपोत कार्यालय सक्षम रहेको छ । तसर्थ विपक्षीहरूबाट मालपोत कार्यालय, दोलखालाई प्रेषित पत्रहरू बदर गर्नुपर्ने देखिएन र मागबमोजिम उत्प्रेषण जारी गर्नु नपर्ने ।

विवादको कि.नं. ९२० को जग्गा सरकारी कायम गर्ने भनी जग्गा नापजाँच ऐन, २०१९ को दफा ११(ख) बमोजिम गठित समिति दोलखाले गरेको मिति २०५३।१।२४ को निर्णय बदर भैसकेको देखिँदा सोही मितिको आदेशबमोजिम सबूद प्रमाण बुझी निर्णय गर्नु भनी जारी भएको परमादेशबमोजिम सो जग्गाको स्थिति र अवस्थाका सम्बन्धमा निर्णय गर्ने काम बाँकी नै रहेको देखिँदा निवेदकहरूले दावी लिएका जग्गाको छूट दर्ता सम्बन्धमा दिएका मिति २०५६।१२।२३ र मिति २०६२।६।१२ को निवेदनमा कारवाही गर्दै आवश्यक पर्ने प्रमाण कागज बुझी सोही आधारमा यी निवेदकहरूले दर्ता गरिपाऊँ भनी निवेदनमा उल्लेख गरेको कि.न.. ९२० मध्येको जग्गा निजहरूका बाबु शर्मानन्दको साविक दर्ताभित्रको जग्गा हो, होइन र यी निवेदकहरूको नाममा दर्ता गर्न मिल्ने हो, होइन भनी प्रमाणको आधारमा कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालय, दोलखाको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल फागुन ३० गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको ०६६-CI-०५१४, निषेधाज्ञा, *दिलप्रसाद आचार्य समेत वि. अम्मरबहादुर खड्का समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-WO-०९३९, उत्प्रेषण परमादेश समेत, *वैधनाथ ठाकुर वि. सामान्य प्रशासन मन्त्रालय समेत*

निजामती सेवामा कर्मचारीको सरूवा एक नियमित प्रक्रियाको रूपमा निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० ले व्यवस्थित गरेको छ । सोहीअनुसार अख्तियारवाला निकाय वा अधिकारीले गरेको हुनाले हालको सरूवालाई अन्यथा मान्न नमिल्ने हुँदा निवेदनमा उठाएको विवादको अन्त्य भइसकेको र विपक्षी मन्त्रालयबाट स्थानीय विकास

मन्त्रालयअन्तर्गत मिति २०६६।१।२ मा सरूवा पनि भइसकेको देखिएबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल फागुन ३० गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-WO-०६६६, उत्प्रेषणयुक्त परमादेश समेत, *दानबहादुर विश्वकर्मा वि निर्वाचन आयोग*

रिट निवेदक २०६५।१२।२८ मा हुने संविधानसभाको उपनिर्वाचन समेतको प्रयोजनको लागि निर्वाचन आयोगबाट दलको उम्मेद्‌वारलाई प्रदान गरिने चुनाव चिन्हको लागि निर्वाचन आयोगमा गएको भनिएकोमा हाल उक्त उपनिर्वाचन समाप्त भैसकेकाले अब प्रस्तुत रिट निवेदनको औचित्य समेत समाप्त भैसकेकाले तथ्यभित्र प्रवेश गरी थप विवेचना गरिरहन नपर्ने हुँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल माघ २४ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. WO-०६९०, उत्प्रेषण परमादेश, *विनोद खड्का वि. लीला विष्ट समेत*

कानूनबमोजिमको प्रक्रिया नअपनाई पहिलाको गल्ती सच्याउन भनी आफ्नै स्रेस्ताबाट दर्तावाला देखिएका यी निवेदक र निजका दाता समेतलाई नबुझी तिनीहरूको दर्ता बदर गर्ने गरी मालपोत कार्यालयबाट मिति २०६४।१।२६ मा भएको निर्णय कानूनी त्रुटिपूर्ण र प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल देखिँदा त्यस्तो निर्णय कायम रहन सक्ने देखिएन । तसर्थ मालपोत कार्यालयको उक्त मिति २०६४।१।२६ को निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब यी रिट निवेदक, निजका दाता लीला विष्ट र अस्थायी दर्ता कायम गरिएका आनन्दलाल श्रेष्ठ, आशा गोपाल र फकिर दास समेतलाई बुझी कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालयको नाउँमा परमादेश समेत जारी हुने ।
इजलास अधिकृतः विश्वनाथ भट्टराई
इति संवत् २०६८ साल पुस ४ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४-WO-१०२९, उत्प्रेषणयुक्त परमादेश, *दिवाकरध्वज खड्का वि. सीताराम गिरी समेत*

स्थायी कामदार, कर्मचारीलाई जुनसुकै व्यहोराबाट निजको स्वेच्छाविपरीत सेवाबाट हटाउँदा वा अवकाश दिँदा ऐनले निर्धारित कार्यविधिपूर्ण पालन गर्नुपर्छ । कार्यविधिको पालन नगर्ने तर कामदार, कर्मचारीको सेवाको अन्त्य गर्दै जाने र हटाउँदा, हटाएको भन्ने शब्द प्रयोग नभएको कारणले मात्र सजाय नदिएको भन्न पाइने होइन । अन्यथा श्रम ऐनको उद्देश्य नै पराजीत हुन जान्छ । यस परिप्रेक्ष्यमा हेर्दा विपक्षी सीताराम गिरीलाई दिइएको मिति २०६२।९।७ को पत्र श्रम ऐन, २०४८ को दफा ५२ को प्रयोजनको लागि सजाय नै हो । त्यसरी सजाय गरेकोमा उक्त ऐनको दफा ६० को खण्ड (ग) ले सोउपर श्रम अदालतमा पुनरावेदन लाग्ने र श्रम अदालतले सो पुनरावेदन हेरी निर्णय गर्न सक्ने नै देखिँदा श्रम अदालतबाट भएको मिति २०६४।९।२ को फैसलामा अधिकारक्षेत्रात्मक त्रुटि विद्यमान नरहेको अवस्थामा प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः नारायणप्रसाद पौडेल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६९ साल बैशाख ३ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४-WO-०९७३, उत्प्रेषण, *मरनीदेवी महरा वि. रिझन महरा समेत*

मिति २०६०।१२।१२ को फैसला अंश मुद्दाको फैसला नभए पनि यसबाट मात्र मिति २०५५।१०।१८ को अंश मुद्दाको फैसला कार्यान्वयन योग्य भएको छ । त्यसकारण कार्यान्वयनको हकमा यसलाई नै अन्तिम फैसला मान्नुपर्ने देखिई उक्त मितिले म्यादभित्र बण्डा छुट्ट्याउने दर्खास्त परेको छ, छैन भनी हेर्नुपर्ने हुन्छ । सो हेर्दा दण्ड सजायको ४६ नं. मा बण्डा छुट्ट्याई दिने गरी आखिरी टुंगो लागी फैसला भएको मितिले दुई वर्षभित्र र दशौदको आधा फेरिदिए थप एकवर्षभित्र अर्थात् कुल तीन वर्षभित्र बण्डा छुट्ट्याउन दर्खास्त दिन पाउँछ भन्ने व्यवस्थाअनुरूप २०६०।१२।१२

मा फैसला भएको मितिले ३ वर्षभित्रै अर्थात् मिति २०६३।१२।१२ भित्रै मिति २०६३।५।६ र मिति २०६३।१०।१० मा क्रमशः रामा महरा र रिफन महराले दरखास्त दिएको देखिँदा ती दरखास्तहरू ऐनको म्यादभित्रै रहेको पाइँदा कानूनको म्यादभित्र बण्डापत्रको दरखास्त परी कानूनबमोजिम मिति २०६५।२।१६ गते बण्डा मुचुल्का भई मिति २०६५।२।२८ गते धनुषा जिल्ला अदालतबाट मिसिल तामेलीमा राख्ने गरी आदेश भैसकेको समेत देखिन्छ । यसरी कानूनअनुरूप अंशबण्डाको फैसलाबमोजिम बण्डा छुट्ट्याउने कार्य सम्पन्न भएपछि मिति २०६५।२।२० मा प्रस्तुत रिट निवेदन दायर भएको देखिएकोले यो रिट निवेदिकाले आफ्नो कानूनी हकको प्रचलन गराउनु भन्दा फैसला कार्यान्वयनको कार्यलाई निष्प्रभावी बनाउन र अन्ततोगत्वा अदालतको फैसलाबाट अंश पाएका अंशियारहरूलाई वास्तविक न्याय प्राप्तिबाट बञ्चित गर्न वा त्यसमा अनुचित बिलम्ब गर्ने उद्देश्यले प्रेरित भएर प्रस्तुत रिट निवेदन दायर गरिएको देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल बैशाख ३ गते रोज १ शुभम् ।

११

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-WO-०७७३, उत्प्रेषण परमादेश, *जानकीकुमारी पन्त समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत*

नेपाल सरकारको मिति २०६५।६।१९ को निर्णय कार्यान्वयन नगर्नु भनी यस अदालतबाट मिति २०६६।२।११ मा अन्तरिम आदेश जारी रहेको अवस्थामा नेपाल सरकार मन्त्रिपरिषद्‌बाट २०५७।४।१ भन्दा अगाडि प्राविधिक पदमा नियुक्ति पाई हाल बढुवा (स्तरवृद्धि वा तहवृद्धि) भई प्राविधिक पदमै रहेको अवस्थाका कर्मचारीहरूलाई साविकबमोजिम खाई पाई आएको २ ग्रेड बापतको रकम मिति २०६६।४।१ देखि प्रदान गर्ने गरी मिति २०६६।७।२२।१३ मा निर्णय भएको भन्ने कुरा अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको मिति २०६६।७।२२ च.नं. ५१३ को पत्र पेश भई नेपाल सरकारको उक्त निर्णयले नेपाल सरकारको मिति २०६५।६।१९ को निर्णय निष्क्रिय भई उद्देश्य पूरा भइसकेको देखिँदा मिति २०६६।२।११ को अन्तरिम आदेश निष्क्रिय भई प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल चैत ८ गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको दे.पु.नं. ०१६०, अंश दर्ता, *दुलारीदेवी अहिरनी वि. जम्दार राउत अहिर समेत*

प्रतिवादी श्रवणप्रसाद अहिरले कि.नं. १८९ को तायदातीमा उल्लिखित जग्गा वीरगञ्ज चिनी कारखानाबाट ऋण लिई खरीद गरेको भन्ने देखिएको र विपक्षी प्रतिवादी महेन्द्रप्रसादले कि.नं. १२, १३५, ८९ र ३०६ का जग्गाहरू आफू कार्यरत् रहेको कार्यालयबाट ऋण समेत लिई खरीद गरेको देखिँदा अंशबण्डाको १८ नं.बमोजिम निजी आर्जनको भै बण्डा लाग्ने अवस्थाको देखिएन । सो कित्ता नम्बरका जग्गाहरू बाहेक विपक्षी प्रतिवादीहरूले पेश गरेको तायदातीमा उल्लिखित घर जग्गाहरूबाट यी पुनरावेदक वादीले २ खण्डको १ खण्ड अंश छुट्ट्याई चलन समेत पाउने ठहर्छ । ऐलानी जग्गाको घर घडेरीका सम्बन्धमा २ भागको १ भाग भोगसम्म छुट्ट्याई लिन पाउने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल फागुन २९ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६ सालको CI-१२७५, लिखत दर्ता बदर दर्ता, *दुलारीदेवी अहिरनी वि. राधिकादेवी समेत*
- २०६६ सालको CR-०८९०, जालसाजी, *दुलारीदेवी अहिरनी वि. राधिकादेवी समेत*

१३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको दे.पु.नं.CI-०३९२, मोही नामसारी, *स्वेता सिंह वि. राम एकवाल मण्डल*

बाबुकै नाममा मोही कायम नरहेपछि निजको नामको मोहियानी हक निजको छोरा यी वादीका नाममा नामसारी हुनसक्ने अवस्था नै नरहने ।

गाउँ विकास समितिमा गरेको सर्जमीन वा दिएको सिफारिशको आधारमा मोही कायम गर्न मिल्ने भूमिसम्बन्धी ऐन, २०२१ मा व्यवस्था गरिएको छैन । कानूनबमोजिमको कबुलियत बेगर र पहिलादेखि जग्गा कमाई आएको देखिने स्पष्ट आधार बेगर गाउँ विकास समितिले वा भूमिसुधार कार्यालयले गराएको सर्जमीनको आधारमा मोही कायम हुन नसक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६८ साल पुस ८ गते रोज ६ शुभम् ।

१४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको दे.पु.नं.०६७-CI-०८१०, फैसला बदर मोही नामसारी, *मु.स.गर्ने पवित्रीदेवी समेत वि. सोती मण्डल*

वादीको फिराद दावीमा नै आधा जग्गा सम्ममा मोही नामसारीको माग दावी भएकोमा वादीको फिराद दावीभन्दा बाहिर गई दावीभन्दा बढी जग्गा वादीको नाउँमा मोही नामसारी हुने गरी भूमिसुधार कार्यालयको निर्णय गरेको देखिन आयो । यस अवस्थामा भूमिसुधार कार्यालयको मिति २०६२।२।२१ को फैसला केही उल्टी गरी कि.नं. १८९२ को ज.वि. ०-१-० जग्गामा आधासम्म वादीको नाममा मोही नामसारी हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६८ साल पुस ८ गते रोज ६ शुभम् ।

- यसै लगाउको २०६७ सालको दे.पु.नं.०६७-CI-०८११, मोही नामसारी बदर गरी मोही हक कायम, *मु.स.गर्ने पवित्रीदेवी समेत वि. सोती मण्डल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-WH-००६६, बन्दीप्रत्यक्षीकरण, *अनीताकुमारी गुरुङ वि. हितमान गुरुङ समेत*

बन्दीप्रत्यक्षीकरण निवेदनमा गैरकानूनी थुनामा कुनै व्यक्तिलाई राखिएको वा बन्दी बनाइएको हो होइन भन्नेसम्म हेर्नुपर्ने कुरा हो । पालनपोषण गर्न पाउने हकदारबीचको विवादको निरोपण यस रिट निवेदनबाट नहुने ।

निवेदक भनी उल्लेख गरिएको बच्चा आफ्नो बाबुको मृत्युपछि आफ्नो बाजे बज्यै समेतको संरक्षकत्वमा आवासीय विद्यालयमा अध्ययनरत् रहेकोलाई बन्दी बनाएको वा गैरकानूनी थुनामा राखेको भन्न नमिल्ने हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नु नपर्ने ।

रिट निवेदन खारेज भए पनि नाबालकको हकमा प्रस्तुत निवेदन गर्ने अनीताकुमारी नाबालक अस्तिन गुरुङको जन्म दिने आमा भएकीले निजले बच्चाको सर्वोपरि हितमा प्रतिकूल असर नपर्ने गरी समय समयमा भेट गर्न गएमा निजलाई भेट गर्न दिनु भनी विपक्षीका नाउँमा आदेश जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६९ साल बैशाख ५ गते रोज ३ शुभम् ।

१६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको दे.पु.नं. ०६६-CR-००९५, सवारी अंगभंग, *नेपाल सरकार वि. मंगले तामाङ*

प्रतिवादीउपर सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाई पीडितलाई अंगभंग गरेको भनी वादीतर्फबाट अभियोग दावी लिइएको देखिए तापनि प्रतिवादीले अदालतमा बयान गर्दा स्टार्ट अवस्थाको ट्रकको चालकको सीटको पछाडि पट्टि राखेको ज्याकेट निकाल्न लाग्दा ज्याकेट ट्रकको गियरमा अल्भिन पुगी ट्रक हुत्तिन गै अगाडि रहेको शोभा मोक्तानलाई ठक्कर दिएको भन्ने जिकीर लिएको पाइन्छ । पीडितको छोरा जाहेरवाला रामबहादुर वाइबाले पनि अदालतमा बकपत्र गर्दा प्रतिवादी मंगले तामाङले सीटबाट ज्याकेट निकाल्न लाग्दा ज्याकेट गियरमा अड्किन गई गाडी अगाडि बढ्दा आमालाई ठक्कर दिएको भनी लेखाएको देखिन्छ । सो बाहेक वादी पक्षबाट अभियोग दावीलाई समर्थन हुने अन्य साक्षी प्रमाण अदालतमा प्रस्तुत गरी वस्तुनिष्ठ

रूपमा दावीलाई पुष्टि गर्न सकेको नदेखिँदा निजले अभियोग दावीबाट सफाइ पाउने ।
इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६८ साल माघ ५ गते रोज ५ शुभम् ।

१७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०४९१, अंश दर्ता फुटाई दा.खा. दर्ता, *अब्दुल सतार मिया वि. रोजा मिया समेत*

२०४६।२।९ को मिलापत्रमा यी पुनरावेदक वादीको भागमा कि.नं. ६२ को जग्गामध्ये चार धुर जग्गा पाउने भन्ने उल्लेख भए पनि उक्त मिलापत्रको कार्यान्वयनबाट सो चार धुर जग्गा वादीको हकभोगमा आउन सकेको अवस्था छैन । यसरी प्रतिवादीको हकमा रहेको उक्त कि.नं. ६२ को जग्गा लामो समयदेखि प्रतिवादीको निर्विवाद भोगमा रही आएको छ र सोही जग्गामा निजको घर बसोबास समेत रहेको तथ्य अदालतबाट भई आएको नक्सा मुचुल्काबाट पनि देखिएको छ । यस्तो अवस्थामा अहिले आएर २०४६।२।९ को मिलापत्रको आधारमा भन्दै कि.नं. ६२ मध्ये चार धुर जग्गामा यी वादीको हक कायम गर्न नमिल्ने ।
इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६८ साल माघ २५ गते रोज ४ शुभम् ।

१८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५ सालको रिट नं. WO-०९००, उत्प्रेषण, *सूर्यकुमार यादव वि. भूमिसुधार कार्यालय, सप्तरी राजबिराज समेत*

विवादित जग्गाको मोही विपक्षी सोमत धामी रहेको तथ्य स्थापित भई रहेकोले मोही लागेको जग्गा मोही र जग्गाधनीबीच कानूनबमोजिम बाँडफाँड हुन सक्ने नै देखिन्छ । सोही कानूनी व्यवस्थाअनुसार अधिकारप्राप्त अधिकारीले त्यस्तो जग्गाको स्वामित्व जग्गाधनी र मोहीबीच विवादित जग्गाको बाँडफाँड गर्दा रिट निवेदक समेतलाई बुझ्नुपर्नेमा निजलाई बुझी नरम गरम मिलाई २०६४।११।२६ मा जग्गाको स्वामित्व बाँडफाँड गर्ने निर्णय भूमिसुधार कार्यालयबाट भएको देखिन्छ । उक्त निर्णयमा कुनै कानूनी त्रुटि भएको भन्ने रिट निवेदकको जिकीर लिन नसकेकोले उक्त निर्णय कानूनबमोजिम नै भएको देखिन आउँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६८ साल पुस ५ गते रोज ३ शुभम् ।

१९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको विविध फौजदारी नं. ०६५-MS-००१७, अदालतको अपहेलना, *श्यामकृष्ण मास्के वि. सचिव डा. कुलरत्न भूर्तेल, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेत*

समग्र देवानी कानूनलाई समयसापेक्ष सुधार गर्न कार्यदल गठन भै अध्ययनको काम भैरहेको र उक्त निर्देशात्मक आदेशबमोजिमको कार्य सम्पन्न गर्ने लगायत अन्य देवानी कानूनहरू समेतको अध्ययन गरी कार्यदलबाट भई प्राप्त प्रतिवेदनको आधारमा प्रस्तुत विषयलगायत समग्र देवानी कानूनहरूमा परिमार्जन एवं सुधार हुने भन्ने लिखित जवाफमा उल्लेख भएको देखिँदा निवेदकले दावी गरेबमोजिम विपक्षीहरूबाट यस अदालतको अपहेलना गरेको भन्न नमिल्ने ।
इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल माघ ५ गते रोज ५ शुभम् ।

२०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-WO-००४४, उत्प्रेषण, *सि.ई.ओ. बारबरा कन्सटेन्स्टीनेस्कु वि. काले तामाङ (राम) समेत*

यी विपक्षी काले तामाङ २०५६।४।२५ देखि पशिमना उद्योग र २०६०।१०।१२ देखि BFT Export प्रा.लि. मा काम गर्दै आएको तथ्यलाई निवेदकले अन्यथा भन्न वा प्रमाणित गर्न नसकेकाले सो अवधिको सुविधाहरू कामदार कर्मचारीको हैसियतले प्रत्यर्थीले पाउने गरी भएको श्रम अदालतको फैसला कानूनी त्रुटिपूर्ण देखिन आएन । कानूनबमोजिम भएको निर्णयबाट निवेदकको हकमा आघात परेको नदेखिएबाट

मागबमोजिमको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः नारायणप्रसाद पौडेल
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६९ साल बैशाख ५ गते रोज ३ शुभम् ।

२१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको दे.पु.नं. ०६७-CI-०१२९, अंशबण्डा मुचुल्काबमोजिम घर बनाउन रूपैयाँ दिलाई पाऊँ, *डाक्टरप्रसाद कुर्मी समेत वि.उर्मीला कुर्मीन (चौधरी)*

अंशबण्डा मुचुल्कामा वादीको लागि प्रतिवादीहरूकै खर्चमा घर बनाई दिने कुरामा विवाद छैन । वादीले प्रतिवादीहरूबाट भराई पाऊँ भनेको रकम पनि सोही बण्डा मुचुल्काबमोजिम घर निर्माणको लागि हो भन्ने कुरामा विवाद छैन । प्रस्तुत विवाद करारसम्बन्धी विषयअन्तर्गत पर्ने करारीय दायित्वको यथार्थ परिपालनसँग सम्बन्धित नभएर बण्डा मुचुल्काबमोजिम पाउनुपर्ने सम्पत्तिको हकसँग सम्बन्धित भएकोले बण्डापत्रमा घर बनाइदिने भनी लेखिएकोमा र प्रतिवादीले धेरै वर्षसम्म सो घर बनाई नदिएको अवस्थामा घर निर्माणबापत लाग्ने न्यूनतम् लागत खर्च नगदै भराउँदा पनि उक्त बण्डा मुचुल्काको शर्त र भावनाविपरीत हुन जाने देखिएन । यस्तो अवस्थामा वादीलाई नगद भराउँदा बण्डा मुचुल्काको शर्तविपरीत नहुने ।
इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल माघ २५ गते रोज ४ शुभम् ।

२२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-WO-०१८७, उत्प्रेषण परमादेश समेत, *प्रवीण बस्नेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

विद्यार्थीको आचरण र परीक्षासम्बन्धी अनुशासनका नियमहरू पालना नगर्ने व्यक्तिलाई कानून र नियमबमोजिम कारवाही गर्नु सम्बन्धित पदाधिकारीको कर्तव्य हुन आउँछ । यसरी परीक्षा केन्द्रका केन्द्राध्यक्ष समेतले यी निवेदकले मर्यादाविपरीत काम गरेको भनी दिएको प्रतिवेदनको आधारमा अधिकारप्राप्त निकायबाट यी निवेदकको परीक्षा रद्द गर्ने गरी भएको निर्णयलाई अन्यथा मान्नुपर्ने अवस्था देखिन आएन र त्यसबाट यी निवेदकको कानूनी वा संवैधानिक हकमाथि अतिक्रमण भएको भन्ने पनि देखिन नआउने ।
इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल पुस २६ गते रोज ३ शुभम् ।

२३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४ सालको रिट नं. WO-०८९८, उत्प्रेषण परमादेश, *डा.राजेश ठाकुर वि. कृषि तथा सहकारी मन्त्रालय समेत*

नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम ७ बमोजिमको न्यूनतम् शैक्षिक योग्यता भई सोही आधारमा यी निवेदक मत्स्य विकास अधिकृत पदमा नियुक्त भएको भन्ने देखिएको छ । तर निवेदकले पशु चिकित्सकको उपाधि हासिल गरेको भन्ने मात्र आधारले उक्त नियम ७ बमोजिमको पदमा नियुक्ति भएका अन्य मत्स्य विकास अधिकृत भन्दा यी निवेदकको पद विशिष्ठ भएको र सोही शैक्षिक उपाधिको आधारमा रिट निवेदकको सधैंभरि कुनै एकै स्थानमा पदाधिकार रहिरहने भन्न नमिल्ने ।

आफ्नो सेवा समूहभित्र आफूले रोजेको काम श्रेयस्कर र मन नपराएको काम तुच्छ भनी आफूले संकीर्ण भावनाबाट प्रेरित भएर काममा निचऊचको भेदभाव हुने गरी सोच राख्नु स्वयंमा सन्तुलित सोच होइन । त्यसैले यी निवेदकलाई निजको सेवा समूहभित्र जुनसुकै काममा पनि खटाउन सकिने नै हुनाले त्यसबाट यी रिट निवेदकको संविधानप्रदत्त कुनै हक अधिकारको उल्लंघन भएको भन्ने नदेखिँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६८ साल पुस ५ गते रोज ३ शुभम् ।

२४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५ सालको रिट नं. ०६४-

WO-०८८८, उत्प्रेषण परमादेश, *तेजप्रसाद संग्रौला वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

रिट निवेदकले माग गरेको विषयवस्तु सबूद प्रमाण बुझी हक बेहकमा इन्साफ गर्नुपर्ने प्रकृतिको विवाद देखिएकोमा रिट निवेदकले यस अदालतको असाधारण अधिकारअन्तर्गत प्रस्तुत रिट दिएको देखियो। रिट नं. ०६११ निवेदक समसुल होदा मिया तेली समेत विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत भएको उत्प्रेषण परमादेश रिट निवेदनमा यस अदालतबाट २०६८।१।८ मा आदेश हुँदा विवादको विषयवस्तु सबूद प्रमाण बुझी सोको मूल्याङ्कनको आधारमा हक बेहकमा निर्णय गर्नुपर्ने प्रकृतिको देखिएकोले यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुन नसक्ने भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ। तसर्थ प्रस्तुत रिट निवेदनमा पनि उक्त सिद्धान्त आकर्षित हुने हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल पुस ५ गते रोज ३ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको विविध नं. ०००८, साधारण चोरी, *नेपाल सरकार वि. विपना मल्ल*

प्रतिवादी आरोपित कसूरमा इन्कार रहे तापनि वारदातको दिन जाहेरवालाको घरमा बसेको देखिएको, सुनका गहना चोरी लगेको भनी मौकामा जाहेरी दरखास्त दिएको, आफ्नो घरमा बास बसेको मानिसलाई अन्य कुनै कारण वा पूर्व रिसइवी रही आएको भन्ने समेत नदेखिएको अवस्थामा निजउपर चोरीको आरोप लगाई जाहेरी गर्नुपर्ने अन्य कारण समेत नदेखिएको, चोरीका गहना बरामद भएका र उक्त गहना निजबाट किनेको भनी बब्लु वर्माले कागज गरी दिएको समेतको आधार प्रमाणबाट प्रतिवादी विपना मल्लले आरोपित कसूर गरेको पुष्टि हुने।

मिसिल संलग्न प्रमाणबाट चोरी गरेको पुष्टि भएको हुँदा प्रतिवादीलाई सफाइ दिने गरेको माननीय न्यायाधीश पवनकुमार शर्माको राय र प्रतिवादीलाई चोरी गरेको ठहर भैसकेपछि चोरीको १२ नं. बमोजिम प्रतिवादीलाई कैद नगरी जरीवाना ६०००।- मात्र गर्ने गरेको माननीय न्यायाधीश सलाहुद्दिन अख्तर सिद्धिकीको राय उक्त नं. को कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको नदेखिँदा प्रतिवादीले चोरी गरेको पुष्टि भई ठहर भएको अवस्थामा निजलाई चोरीको १२ नं. बमोजिम १ महिना कैद र चोरीको बिगो तत्काल मूल्याङ्कनअनुसार कायमी रू.८२३२।- जरीवाना समेत हुने ठहऱ्याएको पुनरावेदन अदालत तुल्सीपुरका माननीय न्यायाधीश वीर सिँह महराको मिति २०६७।३।२८ को राय मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः विष्णु अवस्थी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल मंसिर २२ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको CI-०५०८, लेनदेन, *राजकुमारी थरूनी वि. चुलनकुमारी थारू*

प्रतिवादी रामकुमार चौधरीले यी पुनरावेदक वादीबाट ऋण लिँदा प्रतिवादी चुलनकुमारी थारूको कुनै पनि मञ्जूरी लिएको वा त्यस्तो लिखतमा सहिछाप गराएको वा निजको समेत सहमति रहेको भन्ने आधार प्रमाण पेश गर्न नसकेको अवस्थामा निज समेतबाट आधा रकम भराइ लिन पाउनु पर्ने भन्ने पुनरावेदन जिकीर कानूनसंगत नदेखिएको अवस्थामा पुनरावेदक वादीले तमसुकबमोजिमको साँवा ब्याज लिखत गर्ने व्यक्ति रामकुमार चौधरीबाट कानूनबमोजिम भराई लिन पाउने नै हुँदा अन्य अंशियार समेतबाट भराई लिन पाउनुपर्ने भन्ने पुनरावेदन जिकीर मनासिब नदेखिँदा लेनदेन व्यवहारको ८ र ९ नं. समेत बमोजिम प्रतिवादी रामकुमार चौधरीबाट मात्र लिखतबमोजिमको साँवा ब्याज भराई लिन पाउने।

इजलास अधिकृतः विष्णु अवस्थी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल मंसिर २२ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. ०८१९, लेनदेन, *सुरेशकुमार अग्रवाल वि. धारणा इलेक्ट्रोनिक्सको तर्फबाट प्रो.श्यामसुन्दर खेतान*

जुन भरपाईलाई कीर्ते हो भनी प्रतिउत्तरमा उल्लेख गरेको छ। उक्त भरपाई कीर्ते नठहरिएको आधारमा शुरू एवं पुनरावेदन अदलतबाट साँवा ब्याज भराई दिने गरी फैसला भएको देखियो। मिति २०५६।२।६ को भरपाईअनुसार नै वादीले दावी गरेको रकम यी पुनरावेदकले समेत भराई लिन पाउने र उक्त भरपाई विशेषज्ञबाट जाँच हुँदा समेत सोमा लागेको सहिछाप पुनरावेदक प्रतिवादीको नै रहेको भन्ने राय देखिएको र विशेषज्ञलाई यस अदालतको आदेशानुसार प्रमाण ऐन, २०३१ को दफा २३(७) बमोजिम परीक्षण गर्दा समेत उक्त रायमा उल्लिखित व्यहोरालाई समर्थन गरी लेखाई दिएको अवस्थामा उक्त मिति २०५६।२।६ को लिखतमा रहेको सहिछाप पुनरावेदक प्रतिवादीको होइन भन्न मिल्ने अवस्था नदेखिँदा वादी दावीबमोजिमको साँवा रू.१,८७,५०० को ३ खण्डमध्ये १ खण्ड साँवा रू.६२,५००।- र सोको हुने कानूनबमोजिमको ब्याज वादीले प्रतिवादी सुरेशकुमार अग्रवालबाट भराई लिन पाउने हुँदा प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने।

इजलास अधिकृतः विष्णु अवस्थी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल मंसिर २२ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको CR-००६७, अदालतको अपहेलना, *कृष्णवती लोहार वि. जिल्ला प्रहरी कार्यालय, बाँके समेत*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ मा सरकारवादी मुद्दाको अनुसन्धान तहकीकात गर्ने सम्बन्धमा निश्चित् अवधि एवं प्रक्रियासहितको कानूनी व्यवस्थाहरू गरिएको पाइन्छ। उक्त ऐनमा तोकिएको कानूनी प्रक्रियाअनुसार अनुसन्धान एवं तहकीकात गर्ने कार्य सम्बन्धित प्रहरी एवं सरकारी वकील कार्यालयको हुने हुँदा ती निकायबाट कानूनबमोजिमको प्रक्रिया पूरा गर्नुपर्ने कार्यलाई उक्त प्रक्रिया पूरा नै नगरी कामकारवाही गर्नु भनी आदेश गर्न कानूनतः मिल्ने देखिँदैन। त्यसकारण पुनरावेदन अदालत नेपालगञ्जबाट भएको परमादेशको आदेशअनुरूप जाहेरी दर्ता गरी कानूनबमोजिमको प्रक्रियाअनुसार अनुसन्धानको कामकारवाही भइरहेको देखिँदा अदालतको आदेशअनुरूप नै कामकारवाही भइरहेको अवस्थामा अदालतको अपहेलना गरेको भन्ने अवस्था नदेखिने।

इजलास अधिकृतः विष्णु अवस्थी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल मंसिर २२ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको CI-०१७४, लेनदेन, *प्रदेशी थारु वि. खुशी थारु*

कानूनबमोजिम रीत नपुऱ्याई गरिएको लिखतले कानूनी मान्यता पाउन नसक्ने हुँदा त्यस्तो लिखतलाई विशेषज्ञबाट जाँच गराउनु पर्ने अवस्था समेत रहँदैन। तमसुकमा लागेको ल्याप्चे सहिछाप समेत कानूनको रीत पुऱ्याई खडा भएको नदेखिएको हुँदा कागज जाँचको महलको ५ र ६ नं. को रीत नपुगी खडा भएको तमसुकको आधारमा वादी दावीबमोजिम साँवा ब्याज भराई दिन कानून एवं न्यायसंगत नहुने।

इजलास अधिकृतः विष्णु अवस्थी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल मंसिर २२ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५ सालको WO-०९८८, उत्प्रेषण, *नरेन्द्र मल्ल आले वि. श्याम पराजुली समेत*

मुद्दामा कुनै पक्षलाई तारिख तोकिनुको उद्देश्य सम्बन्धित पक्षलाई सुनुवाइको मौका दिनु र मुद्दाको कारवाहीबारे निजलाई अवगत गराउनु रहेको हुन्छ। मुद्दामा भैरहेको कारवाहीबारे निजलाई उक्त तारिख तोकिएको दिन जानकारी हुने हुँदा सो भन्दा अगाडि नै निजलाई असर पर्ने गरी मुद्दामा कारवाही गर्नु न्यायसंगत नहुनुका साथै कार्यविधिगत त्रुटि समेत हुन जान्छ। तसर्थ मुद्दाको एउटा पक्षलाई तारिख तोकिएको अवस्थामा सोभन्दा अगाडि नै अर्को पक्षको निवेदनमाथि सुनुवाई गरी आदेश गर्नु कानूनसम्मत् नहुने।

इजलास अधिकृतः विष्णु अवस्थी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल मंसिर १८ गते रोज १ शुभम्।

**इजलास नं. ७**

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको WO-०४४६, उत्प्रेषण, परमादेश, *स्पाइस नेपाल प्रा.लि. को तर्फबाट अख्तियारप्राप्त प्रमुख कार्यकारी अधिकृत डिमिट्री जाइका समेत वि.सूचना तथा सञ्चार मन्त्रालय समेत*

विपक्षी नबनाइएका अन्य पक्ष र निवेदकबीच असमानताको निवेदन जिकीरतर्फ अदालतले प्रवेश गर्न मिल्दैन । असमान व्यवहार भयो वा भएन भन्ने निरोपण हुन सम्बन्धित पक्षहरूले आफ्ना कुरा अदालतमा राख्न पाउनु पर्ने हुन्छ । कतिपय अवस्थामा कागजातको अवलोकनबाट मात्र समानता वा असमानताको प्रश्न निरोपण हुन नसक्ने ।

दुई बेग्लाबेग्लै कानूनी प्रावधानअन्तर्गत अनुमतिपत्र लिएका सेवाप्रदायकबीच एक तअसमानताको प्रश्न सान्दर्भिक हुँदैन भने अर्कोतिर घुमाउरो पाराले प्रविधिको नाम परिवर्तन गरी निवेदकले अनुमति पाए सरहकै सुविधा अर्को सेवा प्रदायकले लियो वा दिइयो भन्न अदालतले त्यो अर्को पक्षको कुरा पनि सुन्नुपर्ने हुन्छ । एकपक्षीय सुनुवाइकै आधारमा समानता वा असमानताको प्रश्नमा प्रवेश गर्न न्यायोचित् नहुने ।

समानताको सिद्धान्त समान अवस्थामा रहेकाहरू बीचमा लागू हुने हो । असमान अवस्थामा रहेकाहरू बीच समानताको सिद्धान्त आकर्षित नहुने ।

आफैंले बोलकवोल गरी सहमत भई निर्क्यौल भएको विषयमा आफूलाई अनुकूल हुने जति मान्ने र अनुकूल नहुने जति नमान्ने भन्न कानूनको सिद्धान्तले नदिने ।

भैरहेका कानून र सम्झौताअनुरूप के हुनपर्ने हो त्यो जानकारी दिन वा पहिले नै निर्धारित भइरहेको रोयल्टी शुल्क माग गर्न अन्य कुनै निर्णयको आवश्यकता नपर्ने ।

कुनै अख्तियारीको प्रयोग गर्न पाउने आधिकारिक निकाय तत्काल पूर्ण नभएको सन्दर्भमा त्यहाँको अधिकारीको भूमिका र जिम्मेवारी केही पनि हुँदैन भन्न मिल्दैन । कानूनबमोजिमको दैनिक कामकाजको सञ्चालन यस्ता अधिकारीहरूबाट कानूनबमोजिम भइरहनुलाई अन्यथा अर्थमा लिन नमिल्ने ।

बोलपत्र वा कुनै लिखत समेतका माध्यमले रकम, शुल्क, रोयल्टी र दस्तूर तिर्ने समेतका प्रतिवद्धता जाहेर गर्नेले प्रचलित कानूनका परिप्रेक्ष्यमा तिनको विहंगम अध्ययन गरी जोखिम तत्व (Risk Factor) को आंकलन गरेको मान्नुपर्ने ।

आफैंले यति रकम यसरी यस तरीकाबाट अर्को पक्षलाई तिर्ने बुझाउने कबुल गरी अनुमतिपत्र प्राप्त गर्नेलगायतका फाइदा लिई पछि गएर यो वा त्यो कारण देखाई आफ्नो कबुल वा प्रतिवद्धता तोड्न नमिल्ने ।

पक्षहरूका आपसी व्यवहारका कुरामा कुनै पक्षबाट कानूनको ठाडो उल्लंघन नै भएको स्थिति र त्यो कवुल वा प्रतिवद्धता आरम्भदेखि नै कानूनप्रतिकूल रहेको अवस्थामा बाहेक अदालतले हस्तक्षेप गर्न नमिल्ने ।

आफूले अनुमतिपत्र प्राप्त गर्दा कवुल गरेको दस्तूर रोयल्टी, शुल्क र किस्ता समेतका रकम पछिबाट घटाई पाउन गरिने माग अधिकारको कुरा होइन । अधिकार कानूनद्वारा संरक्षित हुन्छ र यो कानूनअनुकूल उपभोग गरिनु पर्दछ । कानूनप्रदत्त अधिकारमा गैरकानूनी रूपमा हस्तक्षेप भएको नपाइँदासम्म त्यो न्यायिक परीक्षणको विषय बन्न नसक्ने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ फागुन २३ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४ सालको CI-०७३०, परमादेश, *दामिर कारासाहेभ वि. सूचना तथा सञ्चार मन्त्रालय समेत*
- २०६४ सालको CI-०७३१, निषेधाज्ञा, *दामिर कारासाहेभ वि. सूचना तथा सञ्चार मन्त्रालय समेत*

२

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-CI-०४२३, निषेधाज्ञा, *बाबुकान्त झा वि. कृषि विकास बैंक शाखा कार्यालय, भद्रपुर झापा समेत*

बैङ्कबाट लिएको ऋण निवेदकले बुझाएको नदेखिएको, बैङ्कबाट रकम तिर्ने बुझाउने सम्बन्धमा गरिएका पत्राचारलाई बेवास्ता गरेको र आफू स्वयंले गरेको कबुलियतअनुसारको रकम समेत बुझाएको नदेखिएको स्थितिमा विपक्षी बैङ्कले बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ अनुसार आफ्नो ऋण असूरउपर गर्न पाउने नै देखिन आयो। तसर्थ विपक्षी बैङ्कबाट प्रकाशित लिलामसम्बन्धी सूचनाले निवेदकको नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त हकमा आघात पुग्ने आशंकाको स्थिति देखिन नआएकोले निवेदकको निवेदन खारेज हुने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल चैत २३ गते रोज ५ शुभम्।

३

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-०१९४, निषेधाज्ञा, *नारायणप्रसाद पन्थ वि.तुल्सीराम पन्थ*

सट्टापट्टाको लिखतबाट प्राप्त भएको जग्गाका सम्बन्धमा अदालतमा मुद्दा परी कारवाहीयुक्त अवस्थामा रहेको सन्दर्भमा उक्त मुद्दाको अन्तिम किनारा नभएसम्म उक्त जग्गामा कसको हक कायम हुने भन्ने कुराको निरोपण प्रस्तुत मुद्दाबाट हुन सक्तैन। यसकारण विवादित जग्गाका सम्बन्धमा अदालतमा मुद्दा चली अन्तिम नभएको परिप्रेक्ष्यमा पछि ठहरेबमोजिम हुने गरी तत्कालका लागि निवेदनमा उल्लिखित जग्गामा कुनै किसिमको निर्माण कार्य नगर्नु भन्ने निषेधाज्ञाको आदेश जारी हुने अवस्था देखिन आयो। तसर्थ निषेधाज्ञाको आदेश जारी हुने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल चैत २३ गते रोज ५ शुभम्।

४

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-१०७७, निषेधाज्ञा, *पुष्पादेवी महतो वि. मालपोत कार्यालय, रौतहट गौर समेत*

नेपाल सरकारका नाउँमा रहेको जग्गामा निवेदकको हक रहन सक्तैन। आफ्नो निर्विवाद हक स्थापित भएको अवस्थामा मात्र निषेधाज्ञाको निवेदनको रोहबाट अदालतले उपचार प्रदान गर्दछ। तर प्रस्तुत निवेदनमा उल्लिखित जग्गामा निवेदकको निर्विवाद हक रहेको स्थिति नदेखिँदा निषेधाज्ञाको आदेश जारी गर्ने अवस्था नहुने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल चैत २३ गते रोज ५ शुभम्।

५

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-१३९६, १४२९, निषेधाज्ञा, *सोनालालप्रसाद गोढ वि.रामविलास राउत अहिर, नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, रविदास वि. रामविलास राउत*

विपक्षीहरूलाई गाउँ विकास समितिले दिएको स्वीकृति र प्राप्त ठेक्काबाट प्रतिकूल असर परेको भए त्यस्तो प्रतिकूल असरबाट परेको क्षतिका सम्बन्धमा प्रचलित कानूनले निर्धारण गरेबमोजिम कानूनी उपचार प्राप्त गर्नसक्ने नै देखिँदा निषेधाज्ञाको रोहबाट बोल्न नमिल्ने।

गाउँ विकास समिति मुडलीको स्वामित्वमा रहेको पोखरीमा यी निवेदकले ठेक्का प्राप्त गरी माछाका भूरा हाली माछा पालन गरिरहेको देखिन आएकोले निषेधाज्ञाको आदेश जारी हुने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल चैत २३ गते रोज ५ शुभम्।

६

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-१६००, परमादेश, *श्रीलाल चौधरी समेत वि. राजेन्द्र चौधरी*

सार्वजनिक पदाधिकारीले आफूलाई कानूनद्वारा तोकिएको कर्तव्य पालन नगरेको अवस्थामा परमादेशको आदेश जारी हुन्छ। प्रस्तुत मुद्दामा सार्वजनिक निकायका पदाधिकारीहरू इलाका प्रहरी कार्यालय झुम्का, जिल्ला प्रहरी कार्यालय, सुनसरी र जिल्ला प्रशासन कार्यालय, सुनसरीका प्रमुख जिल्ला अधिकारी समेतले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ को उपदफा (४) र (५) द्वारा तोकिएको

कर्तव्य पालना गरेको नदेखिएकोले परमादेशको आदेश जारी हुने ।
इजलास अधिकृतः किशोर घिमिरे
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६८ साल चैत २३ गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६३-CI-१२३४, जग्गा खिचोला नापी निर्णय बदर, *प्रयागराम उपाध्याय समेत वि.रघुनाथ जैसी*

यस अदालतबाट मिति २०६६।३।१ मा "विवादित जग्गाको वादी प्रतिवादीले देखाएको चार किल्ला र बाटो समेत देखिने गरी सर्भे नक्सा समेतलाई मध्यनजर गरी अ.बं. १७१ नं. बमोजिम नापी नक्सा सम्बन्धित जिल्ला अदालतमार्फत् गराउनु" भनी आदेश भएको देखिन्छ । आदेशानुसार बझाङ जिल्ला अदालतबाट नाप नक्सा गर्न खटी गएको डोरसमक्ष वादी प्रतिवादीहरूले आपसी घरायसी मिलापत्रबमोजिम नक्सा प्रकृति तयार गरिपाऊँ भनी निवेदन दिएका र सोही सहमतिका आधारमा मिति २०६८।१।२५ मा नक्सा मुचुल्का तयार भएको देखिँदा सर्वोच्च अदालतको मिति २०५७।८।७ गतेको फैसलाबमोजिम पुनः निर्णयार्थ पुनरावेदन अदालत दिपायलमा पठाएकोमा सो पूर्व फैसलाबमोजिम नाप नक्सालगायतका पूर्व फैसला भएका मिसिल प्रमाणहरूको मूल्याङ्कन नगरी पुनरावेदन अदालत, दिपायल तथा बझाङ जिल्ला अदालतबाट क्रमशः मिति २०६२।१०।३० तथा २०५०।६।८ मा भए गरेका फैसलाहरू त्रुटिपूर्ण हुँदा बदर गरिएको छ । अब विवादित जग्गामा सार्वजनिक वा सरकारी जग्गा इत्यादि पर्छ पर्दैन ? जो जे बुझ्नुपर्छ बुझी फैसला गर्नु भनी मिसिल शुरू बझाङ जिल्ला अदालतमा पठाई दिने ठहर्छ । वादी प्रतिवादीलाई शुरू अदालतको तारिख तोकी मिसिल पठाई दिने ।
इजलास अधिकृतः महेन्द्र पोखरेल
कम्प्युटरः धनबहादुर गुरुङ
इति संवत् २०६८ साल माघ ९ गते रोज २ शुभम् ।

८

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CR-००५६९, सवारी ज्यान, *नेपाल सरकार वि. ध्रुव जोशी*

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(१) को कानूनी व्यवस्था हेर्दा ज्यान मार्ने मनसाय रहेको अवस्थामा मात्र उक्त ऐनको दफा १६१ (१) आकर्षित हुन आउँछ । प्रस्तुत मुद्दामा प्रतिवादीले चलाएको सवारी साधनले मृतकको मृत्यु भएको कुरामा विवाद नरहेको भए पनि निज प्रतिवादीको ज्यान मार्ने मनसायले मृतकलाई आफूले चलाएको सवारी साधनले ठक्कर दिई मारेको भन्ने मिसिलबाट देखिन आउँदैन । प्रतिवादी र मृतक वा निजका अभिभावकसँग पूर्व रिसइवी रहेको भन्ने कुरा तथा मृतकलाई मार्ने पूर्व योजना रहेको भन्ने कुरा मिसिलबाट देखिन आउँदैन । जाहेरवाला दिलबहादुर थापा, प्रहरीमा कागज गर्ने गीता कार्की, किशोर थापा, मञ्जु थापा समेतले अदालतमा बयान गर्दा यी प्रतिवादीको मृतकलाई मार्नुपर्नेसम्मको रिसइवी रहेको वा मार्ने मनसाय भएको भन्ने कुरा खुलाएको देखिँदैन । पूर्व योजना र पूर्व रिसइवी नदेखिएको स्थितिमा ज्यान मार्ने मनसाय रहेको भन्न नमिल्ने ।

प्रतिवादीले चलाएको सवारी साधनको मिति २०६५।५।३० मा प्र.ह. अर्जुन खड्काले गरेको मेकानिकल परीक्षणबाट सो सवारी साधनको अगाडिको सीसा फुटेको, दायाँ साइडको पछाडिको ढोकाको सीसा फुटेको, पछाडिको सीसा फुटेको, दायाँ साइडको पछाडिको ढोकाको कुच्चिएर नलाग्ने भएको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । सो मेकानिकल परीक्षण प्रतिवेदनको व्यहोराबाट प्रतिवादीले अदालतमा बयान गर्दा उल्लेख गरेको व्यहोरा अर्थात् गाडीमा तोडफोड गरेकाले आफ्नो ज्यान जोगाउन जगातीतर्फ गएको भन्ने भनाईलाई पुष्टि गर्ने हुँदा प्रतिवादी ध्रुव जोशीले मृतकलाई मार्ने मनसायले निजले चलाएको ट्याक्सीले मृतकलाई ठक्कर दिएको भन्ने कुरा मिसिलबाट पुष्टि हुन सकेको नदेखिएकोले निज प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम ५ वर्ष कैद सजाय हुने ।
इजलास अधिकृतः किशोर घिमिरे
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल चैत २२ गते रोज ४ शुभम् ।

९

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०१२३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खड्कबहादुर घर्ती मगर समेत*

प्रस्तुत मुद्दामा ज्यानसम्बन्धी महलको १४ नं. उल्लेख भएअनुसार प्रतिवादीको मृतकलाई मार्ने मनसाय रहेको र ज्यान मार्नेसम्मको पूर्व रीसइवी रहेको देखिँदैन । निज प्रतिवादीले मृतकलाई लुकेर ढुङ्गाले प्रहार गरेको नभई निजहरू बीच चलेको विवादका कारण तत्काल उठेको रिसका कारणबाट ढुङ्गाले प्रहार गरेको र सोही चोटका कारणले मृत्यु भएको देखिँदा प्रतिवादीले मृतकलाई तत्काल उठेको रिसका कारणले ढुङ्गाले प्रहार गरेको र सोही चोटका कारण मृतकको मृत्यु भएको भन्ने कुरा प्रतिवादी भुवनबहादुर तथा प्रतिवादी खड्कबहादुरले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष गरेको बयानले समेत पुष्टि गरेको देखिएको हुँदा निज प्रतिवादी भुवनबहादुर घर्ती मगरलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ।

प्रतिवादी खड्कबहादुर मगरले अधिकारप्राप्त अधिकारीसमक्ष कागज गर्दा १ पटक टाउकोमा र २ पटक ढाडमा ढुङ्गाले हानेको हुँ भन्ने व्यहोरा लेखाएको भए पनि अदालतमा गरेको बयानमा सो अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागजलाई इन्कार गरेको देखिन्छ । प्रहरीमा कागज गर्ने प्रत्यक्षदर्शी भनिएका बिक्रम पुनमगर र महेश पुन मगरले प्रतिवादीहरू भुवन र खड्कबहादुर दुवै जनाले मृतकलाई ढुङ्गाले हानेको वारदातस्थल भन्दा १०० मीटर टाढाबाट देखेको हो भनी अदालतमा बकपत्र गरेको भए पनि वारदात भएको समय रातको ८:०० बजे १०० मीटर टाढाबाट त्यस्तो घटना सहजै देख्न सकिने कुरा अनुमान गर्न नसकिने हुँदा निजहरूको उक्त बकपत्र पत्यारलायक देखिन आएन । त्यसकारण उल्लिखित आधार कारण र प्रमाणबाट निज प्रतिवादीलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय हुने अवस्था देखिएन । अतः निज खड्कबहादुरको पुनरावेदन नपरेको अवस्था समेत विद्यमान रहेको देखिँदा निजलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम सजाय हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल चैत २२ गते रोज ४ शुभम् ।

१०

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०१६३, ०२०३, १५१३, निषेधाज्ञा, *रामचन्द्र न्यौपाने वि. मंगलदास महर्जन, नक्कली महर्जन वि. मंगलदास महर्जन, लोकरत्न शाक्य समेत वि. मंगलदास महर्जन समेत*

विवादित जग्गा निवेदकले जोती कमाई आएको कुरामा विपक्षीको स्वीकारोक्ति भई टिकाथली गा.वि.स. समेतको सिफारिशबाट निवेदकले पक्की घर टहरा बनाई बसेको अवस्था र निवेदकले कुत बुझाएको भर्पाइ तथा सो जग्गाको वास्तविक जग्गाधनीको सम्बन्धमा विवाद भई अदालतमा मुद्दा विचाराधीन रहेको अवस्था समेतबाट उक्त जग्गाको सम्बन्धमा ललितपुर जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेका मुद्दाहरू अन्तिम निर्णय नभएसम्म उक्त विवादित कि.नं. १२ को जग्गामा रहेको घर टहराहरूमा कब्जा नजमाउनु, नहडप्नु र सो जग्गामा समेत प्रवेश गरी कुनै खिचोला नगर्नु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल कात्तिक २४ गते रोज ५ शुभम् ।

११

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** ०६७-CR-०२२०, लागू औषध, खैरो हेरोइन, *प्रकाश पोडे वि. नेपाल सरकार*

प्रतिवादीको घर कोठाबाट ८० ग्राम लागू औषध खैरो हेरोइन बरामद भएको साथै सो पदार्थ बेच्न प्रयोग गरिने तराजु, चम्चा प्लाष्टिकका पोका समेत बरामद भएको र यी प्रतिवादीबाट लागू औषध खरीद गरेको भनी गरेको भनी अन्य प्रतिवादीले अदालतसमक्ष समेत बयान गरी दिएको अवस्था छ । प्रतिवादीले आफू अन्यत्र रहेको जिकीर लिए तापनि निजको कोठाको दराजबाट लागू औषध र निजको मतदाता परिचयपत्र बरामद भएको अवस्थामा अरू कसैले उक्त स्थानमा लागू औषध राख्न सक्ने कुराको कल्पना समेत गर्न नसकिने र लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ ले लागू औषध खैरो हेरोइन आफ्नो घरमा यस यो परिवन्दबाट रहन गएको भन्ने प्रमाणित गर्ने प्रमाणको भार लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ ले प्रतिवादीमाथि दिएकोमा सोको कानूनसम्मत् आधार र कारण प्रतिवादीले देखाउन

नसकेको हुँदा निजलाई अभियोग मागबमोजिम १० वर्ष कैद र रू.१ लाख जरीवानाको सजाय हुने।
इजलास अधिकृतः रामप्रसाद भट्टराई
कम्प्युटरः मुक्ता प्याकुरेल
इति संवत् २०६८ साल पुस ६ गते रोज ४ शुभम्।

१२

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** ०६६-CR-०७७९, कर्तव्य ज्यान, *विष्णु ओली वि. नेपाल सरकार*

प्रतिवादीले मृतकलाई करणी गर्न देऊ भनी पटक-पटक भनेको भन्ने बुझिएका व्यक्तिको कागज र सो मैले भनेको हुनसक्छ भनी प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान, मृतकको योनीमा वीर्य देखिएको अवस्था, मृतकको घरमा मध्यरातसम्म प्रतिवादी रहे बसेको भन्ने प्रतिवादीको अदालतसमक्षको स्वीकारोक्ति, मृतकको अदालत तथा अनुसन्धान अधिकारीसमक्षको पृथक-पृथक बयान तथा निजको अदालतसमक्षको बयान, मृतकको फोटोमा देखिएका प्रकृतिहरू लगायतका कानूनबमोजिम अधिकारप्राप्त अधिकारीबाट घटनास्थल, लासजाँच प्रकृति मुचुल्का, शवपरीक्षण समेत नगराई हतारहतार गरी सोही दिन अधिकारप्राप्त अधिकारीको पूर्जी नलिई सद्गत गर्ने जस्ता कार्यहरूबाट परिस्थितिजन्य प्रमाणहरूबाट निज निरपराध रहेछन् भन्ने आधार र कारण नरहेकोले यी प्रतिवादी विष्णु ओलीलाई सर्वश्वसहित जन्मकैद हुने।

इजलास अधिकृतः रामप्रसाद भट्टराई
कम्प्युटरः मुक्ता प्याकुरेल
इति संवत् २०६८ साल पुस ६ गते रोज ४ शुभम्।

## इजलास नं. ८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-CR-०१४०, नकबजनी चोरी, *नेपाल सरकार वि. दीपक दराई समेत*

प्रतिवादीहरू दीपक दराई, कृष्णबहादुर कुमाल र सुरेश कुमाललाई मुलुकी ऐन, चोरीको १४(१) बमोजिम सजाय हुने गरी भएको फैसला निज प्रतिवादीहरूले चित्त बुझाई पुनरावेदन नगरी बसेको देखिँदा त्यसतर्फ विचार गरिरहन नपर्ने।

फौजदारी मुद्दामा अभियुक्तको साविती महत्वपूर्ण प्रमाण हो, तर सो साविती बयानलाई अत्यन्त सतर्कतापूर्वक लिनुपर्ने हुन्छ। सो बयानलाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुनुपर्दछ। अभियोग दावीबमोजिमको रकम बिगोमा समावेश गरिपाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीर भए तापनि उक्त दावीबमोजिम चोरी भएका सामानको अस्तित्व वादी पक्षले देखाउन सकेको पाइदैन। प्रतिवादीहरूले अभियोग माग दावीबमोजिम सामान चोरी गरेका भए ती सामानको सम्बन्धमा अभियोजन पक्षले खोजतलास गरी सामानको वास्तविक अवस्था यकीन गरी दावी पेश गर्नुपर्नेमा प्रस्तुत मुद्दामा त्यस्तो हुन सकेको देखिँदैन। प्रतिवादीहरूको सँगसाथबाट बरामदै नभएको सामानको सम्बन्धमा केवल अनुमानको भरमा प्रतिवादीहरूलाई सजाय गर्नुपर्छ भन्न नमिल्ने।

प्रतिवादीहरूले रक्सीतर्फको रू.२३,८०९।३१ पैसा र फलाम(कवाड) तर्फको रू.५,०००।- समेत जम्मा रू.२८,८०९।३१ को धनमाल चोरी गरेको देखिँदा सोको डेढी बढाई जम्मा रू.४३,२१३।९६ पैसा जनही जरीवाना हुने।
इजलास अधिकृतः रामप्रसाद भट्टराई
कम्प्युटरः मुक्ता प्याकुरेल
इति संवत् २०६८ साल माघ ३ गते रोज ३ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४-CR-०८१५, नागरिकता, *रामप्रवेश राय भूमिहार वि.नेपाल सरकार*

नेपाल नागरिकता ऐन, २०२० को दफा १५ मा झूठ्ठो विवरण वा बयान दिई नेपालको अंगीकृत नागरिकता वा जन्म वा वंशजको नाताले नागरिकता प्राप्त गर्ने गराउने व्यक्ति वा सो गर्ने गराउने उद्देश्यले जानीजानी झूठ्ठो विवरण वा बयान दिई सिफारिश

गर्ने व्यक्ति वा सो गर्ने उद्देश्यले झूट्टो विवरण वा बयान दिई आवेदनपत्र दिने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा दशहजार रूपैयाँसम्म जरीवाना वा दुबै सजाय हुनेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यी प्रतिवादी रामप्रवेश रायले जानीजानी दुखी भन्ने रामवरण महरालाई नागरिकताको प्रमाणपत्रको लागि झूट्टा सिफारिश गरिदिएको देखिँदा निजले आरोपित कसूरबाट उन्मुक्ति पाउन नसक्ने हुँदा प्रतिवादी रामप्रवेश राय भूमिहारलाई नेपाल नागरिकता ऐन, २०२० को दफा १५ बमोजिम अपराध गर्दाको परिस्थिति र वास्तविकताबाट वास्तविक प्रत्यक्ष लाभ प्राप्त गरेको प्रमाणित नभए पनि सार्वजनिक ओहदा भएका व्यक्तिबाट नागरिकताजस्तो संवेदनशील विषयमा सिफारिश गर्दा अपनाउनु पर्ने सजगता नअपनाएको तथा अपराधको अनुपात र मनसाय समेतलाई विचार गरी निजलाई एक महिना कैद र रू.१०००।- जरीवाना हुने।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल चैत १४ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४-CR-०५३७, जवर्जस्ती करणी, *नेपाल सरकार वि. सुरेन खड्का समेत*

प्रतिवादी होमप्रसाद निरौलाले आफूलाई जवर्जस्ती करणी नगरेको र घटनास्थलमा आफूलाई बचाउने छुटाउने प्रयास गरेको भनी बकपत्र गरी दिएको हुँदा निज वारदातमा रहेको देखिए तापनि पीडितलाई नै बचाउने प्रयास गरेको भन्ने देखिइरहेको अवस्थामा निजलाई समेत कसूरदार ठहर गरी सजाय गर्न न्यायसंगत नदेखिने।

प्रतिवादीहरू सुरेन खड्का र अमीत वि.क.लाई कसूरदार ठहऱ्याई भएको फैसलाउपर निजहरूले पुनरावेदन नगरी स्वीकारी बसेकाले निजहरू कसूरदार नै हुन् भनी मान्नुपर्ने देखिन आयो। प्रतिवादीहरूले अनुसन्धान हुँदाको अवस्थामा १६ वर्ष भने पनि अदालतमा बयान गर्दा प्रतिवादी बिनोद भन्ने सुरेन खड्काले १५ वर्ष र प्रतिवादी अमित वि.क. ले १४ वर्ष भएको जिकीर लिएको पाइन्छ। यसप्रकार निजहरूको उमेर बढीमा १६ वर्ष घटीमा १४, १५ वर्षसम्मको विवाद मात्र रहेको देखिन आयो। यो जम्मा तीन वा दुई वर्षको फरकको प्रमाण वादी प्रतिवादी कतैबाट आउन सकेको छैन। प्रतिवादी १६ वर्षको हो भनी वादी नेपाल सरकारले प्रमाण दिन सकेको नदेखिँदा प्रतिवादीको १ वर्ष र २ वर्षको फरकमा आफ्नो उमेर कम भएको भन्ने भनाईलाई अन्यथा मान्न मिलेन। शुरू अदालतबाट फैसला हुँदा समेत उमेर सम्बन्धमा यकीन रूपमा नबुझिएकोर दुबै पक्ष विपक्षको यही नै उमेर हो भन्ने सम्बन्धमा यथेष्ट प्रमाण रहे भएको नदेखिएको यस अवस्थामा प्रतिवादीहरूले अदालतमा बयान गर्दा लेखाई दिएको उमेरलाई नै आधार मान्नुपर्ने।

प्रतिवादी होमप्रसाद निरौलालाई अभियोग दावीबाट सफाइ दिने र प्रतिवादीहरू अमीत वि.क. र विनोद भन्ने सुरेन खड्कालाई कसूरदार ठहर गरी निजहरूलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा सजाय हुने।

इजलास अधिकृतः विष्णु अवस्थी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल कात्तिक ८ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको CR-०५७१, लागू औषध (ब्राउन सुगर), *नेपाल सरकार वि. सावीर खान समेत*

प्रतिवादीहरूउपर किटानी जाहेरी दरखास्त परेको, मौकामा यी प्रतिवादीहरू मिर्जा सौकत बेग र सावीर खान घटनास्थलबाट नै पक्राउ परेका र अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आरोपित कसूरमा सावित भई बयान गरेको र अदालतमा बयान गर्दा कसूरमा इन्कार रहे तापनि इन्कारी बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको, बरामद भएको वस्तु हेरोइन पाइएको भन्ने केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाको प्रतिवेदन समेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरूको आरोपित कसूरमा संलग्नता रहेको पुष्टि हुन आउँछ। मिसिल संलग्न प्रमाणहरूबाट अभियोग दावीबमोजिमको कसूरमा प्रतिवादीहरूको

संलग्नता रहेको प्रमाणबाट पुष्टि भइरहेको अवस्था हुँदा प्रतिवादीहरू सावीर खान र मिर्जा सौकत बेगलाई जनही १५ वर्ष कैद र रू.५ लाख जरीवाना हुने ।
इजलास अधिकृतः विष्णु अवस्थी
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल कात्तिक ८ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-RC-००५८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रमेश मादेन*

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. मा धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी रोपी घोची ज्यान मारेमा जति जना भै हतियार छोडेको छ उति जना ज्यानमारा ठहर्छन्, सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी रमेश मादेन एक्लैले मृतक हर्कबहादुर मादेनको घाँटी गर्धनमा धारिलो जोखिमी हतियार खुकुरी प्रहार गरी मारेको पुष्टि भएकोले निज प्रतिवादी रमेश मादेनलाई उपरोक्त कानूनी व्यवस्थाबमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

प्रतिवादी रमेश मादेनले मृतकलाई मार्नै पर्ने कुनै रिसइवी रहेको नदेखिएको, वारदात घटाउने निजको पूर्वयोजना पनि नरहेको, वारदात हुँदाका अवस्थामा प्रतिवादी रमेश मादेनको उमेर १६ वर्षको मात्र रही निजले सोही साल एस.एल.सी. परीक्षा उत्तीर्ण गरेको र पक्राउ परिसकेपछि घटनाबारे सविस्तार वर्णन गरी अभियोजन पक्ष र अदालतलाई समेत सहयोग पुर्‍याएको अवस्थामा कलिलो उमेरका यी प्रतिवादी रमेश मादेनले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने कसूर गरेको ठहरे पनि तत्काल उठेको रिसको आवेगमा प्रहार गर्दा ढुङ्गा, लाठा नभई जोखिमी हतियार प्रयोग गरेको कारणले मात्र मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. आकृष्ट नभई १३(१) नं.को अवस्था हुन पुगेको देखिन्छ । यसरी निज प्रतिवादी रमेश मादेनलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने भै मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय गर्नु उपयुक्त हुने ।
इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली
कम्प्युटरः शम्भुप्रसाद शाह
इति संवत् २०६९ साल बैशाख ८ गते रोज ६ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** २०६८-WO-०७३५, उत्प्रेषण, परमादेश समेत, *धनपति चौधरी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत*

निवेदकलाई सेवाबाट हटाउने गरी निर्णय गरेउपर आफूलाई मर्का परी उजूर गर्नुपर्ने भए मौकैमा वा त्यस्तो निर्णय हुनासाथ उजूर गर्नुपर्नेमा त्यसो गर्न वा मौकामा उजूर गर्न नसक्नुको मनासिब कारण समेत देखाउन सकेको छैन । हरेक व्यक्तिले आफ्नो हकप्रति सचेत वा चनाखो रहनुपर्छ र त्यस्ता व्यक्तिलाई मात्र अदालतले मद्दत गर्न सक्दछ । मनासिब कारण बिना अत्याधिक बिलम्ब गरी आफ्नो हकाधिकार खोज्न आउनेलाई अदालतले मद्दत गर्न सक्दैन । बिलम्बले समन्यायलाई परास्त गर्दछ । न्यायको यस सर्वमान्य सिद्धान्तलाई यस अदालतले पनि नजरअन्दाज गर्न नमिल्ने ।

निवेदकहरूले आफू कार्यरत् रहेको लुम्बिनी चिनी कारखानालाई सरकारले खारेज गरी आफूलाई सेवाबाट बर्खास्त गरेको सम्बन्धमा आफ्नो संवैधानिक हकको प्रचलनका लागि अनुचित बिलम्ब गरी यस अदालतमा रिट निवेदन लिई आएको र समयमै अदालतमा उपचार खोज्न नआई बिलम्ब गरी आउनको मनासिब कारण समेत रिट निवेदनमा उल्लेख गर्न नसकेको हुँदा यसरी अनुचित बिलम्ब गरी आएको रिट निवेदकहरूको प्रस्तुत रिट निवेदनउपर सुनुवाई गरी न्याय निरोपण गर्न बिलम्बको सिद्धान्त (Doctrine of Laches) समेतले नमिल्ने हुँदा विपक्षीहरूबाट लिखित जवाफ मगाई रहने अवस्था प्रथमदृष्टिमा नै नदेखिएकोले रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६८ साल फागुन ३ गते रोज ४ शुभम् ।

### विशेष इजलासमा पेश हुने

**मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६९ सालको रिट नं. ०६८-WO-११०५, उत्प्रेषण परमादेश, *सन्तोष बस्नेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदनमा विपक्षी बनाइएका सम्माननीय राष्ट्रपति वा राष्ट्रपतिको कार्यालयको कुनै भूमिका वा संलग्नताबारे रिट निवेदनमा उल्लेख नभएकाले निजबाट लिखित जवाफ झिकाउनु परेन ।

निवेदकले माग गरेको अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) अन्तर्गत सार्वजनिक सरोकारको विवादको रूपमा प्रस्तुत निवेदन दायर गरिएको भन्ने निवेदन व्यहोरा र निवेदकतर्फबाट वहस गर्ने विद्वान कानून व्यवसायीहरूको बहसबाट समेत देखिएको छ ।

विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट २०६९।८।७ मा संविधानसभाको निर्वाचन गर्ने भनी २०६९।२।१४ मा भएको निर्णय नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को व्यवस्था र धारा ६३ को उपधारा (७) र उपधारा (८) समेतको विपरीत रहेको र त्यसबाट लाखौं युवा युवती मतदानबाट बञ्चित हुने हुनाले समेत उक्त निर्णय गैरसंवैधानिक भएकाले सो निर्वाचन गर्ने सम्बन्धी निर्णय कार्यान्वयन नगर्नु, नगराउनु भन्ने परमादेशलगायत जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरिपाऊँ भनी प्रस्तुत रिट निवेदन परेको देखिन्छ ।

निवेदनसाथ २०६९।२।१५ मा प्रकाशित गोरखापत्र दैनिक पत्रिकाको प्रतिलिपि पनि राखिएको छ । मन्त्रिपरिषद्को निर्णयको प्रतिलिपि वा सो निर्णयसम्बन्धी कुनै आधिकारिक दस्तावेज वा त्यसको प्रतिलिपि पेश नगरिए तापनि निवेदनपत्रमा उल्लेख गरिएको २०६९।२।१४ को मन्त्रिपरिषद्को निर्णयको अस्तित्व सम्बन्धमा विवाद रहेको देखिएन । तर उक्त मितिको निर्णय सम्बन्धमा निवेदकले उठाएका संवैधानिक प्रश्नहरूको निरोपण यस रिट निवेदनको अन्तिम निर्णयबाट हुन सक्ने अवस्था छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ समेतको व्याख्या सम्बन्धी प्रश्न समावेश भएको र मन्त्रिपरिषद्को निर्णयबाट गराउने भनिएको संविधानसभा निर्वाचनको मिति २०६९।८।७ रहेकोले यसमा सुविधा सन्तुलन समेतको दृष्टिकोणबाट हेर्दा यी निवेदक र निवेदकले सरोकार देखाएका जनसमुदायलाई तत्कालै कुनै असर परिसक्ने अवस्था देखिन नआएकोले विवादित संवैधानिक प्रश्नहरूको निरोपण नहुँदै २०६९।२।१४ को संविधानसभाको निर्वाचनसम्बन्धी मन्त्रिपरिषद्को निर्णय प्रथम दृष्टिमा नै असंवैधानिक भन्ने निष्कर्षमा पुग्नु र सोही आधारमा मागबमोजिम अन्तरिम आदेश जारी गर्नु पर्ने देखिएन ।

यसका साथै यस निवेदनको विषयवस्तुको गाम्भीर्यता, राष्ट्रिय सरोकार र संवैधानिक महत्वलाई विचार गर्दा यसको निर्णय यथाशीघ्र र यस अदालतको विशेष इजलासबाट हुनुपर्ने अवस्था र आवश्यकतालाई दृष्टिगत गर्दै यस रिट निवेदनको निर्णयको लागि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४(१) को खण्ड (ख) अनुसार विशेष इजलास गठन गर्न सम्माननीय प्रधान न्यायाधीशज्यूको ध्यानाकर्षण हुनुपर्ने समेत देखिएकोले सो समेत गराउनू ।

इति संवत् २०६९ साल जेठ १७ गते रोज ४ शुभम् ।

### पूर्ण इजलासमा पेश हुने

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** रि.नं. ०६८-WH-००७७, बन्दीप्रत्यक्षीकरण, *विश्वराज यादव समेत वि. पर्सा जिल्ला अदालत समेत*

प्रमाणमा आएको यिनै निवेदकहरू समेत भएको रिट नं. ०६८-WO-९१३, को रिट निवेदनमा यस अदालतबाट निवेदन दर्ता गर्दा निजहरूलाई कुटपीट अंगभंग मुद्दामा भएको फैसलाले लागेको कैदबापत अ.बं. १९४ नं. अनुसार धरौट लिई रिट निवेदन दर्ता गरी तारिखमा राखी कारवाही भइरहेकोमा सो रिट निवेदनमा यस अदालतबाट मिति २०६९।१।१० मा आदेश हुँदा अदालतको फैसला भई अन्तिम रहेको विषयमा तत्कालै हस्तक्षेप गरी फैसला कार्यान्वयन रोक्न नमिल्ने भनी आदेश भएपश्चात् निवेदकहरूलाई कैद असूल गर्न पक्राउ गरी थुनामा राखेको देखियो ।

यसरी जुन फैसलाबमोजिम कैद लगत कायम भएको हो, सो फैसला बदर गरी माग्न परेको रिट निवेदनमा अ.बं. १९४ नं. बमोजिम कैदबापत धरौट लिई निवेदकहरूलाई तारिखमा राखेको अवस्थामा सोही मुद्दाको कैद लगत असूल गर्न भन्दै पक्राउ गरी थुनामा राखेको विषय विरोधाभाषपूर्ण देखिँदा यसमा धरौट लिई तारिखमा राख्ने र फैसला कार्यान्वयन गर्ने भनी कैद असूल गर्ने विषय अन्तर्सम्बन्धित भई व्याख्याबाट एउटा निष्कर्षमा पुग्नु वाञ्छनीय देखिँदा संयुक्त इजलासतर्फको लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(च) बमोजिम प्रस्तुत रिट निवेदन पूर्ण इजलासमा पेश गर्नुपर्ने ।

इति संवत् २०६९ साल जेठ २३ गते रोज ३ शुभम् ।

## खोजतलास पूर्जी (सर्च वारेन्ट)

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** रिट नं. ०६८-WH-००७६, बन्दीप्रत्यक्षीकरण, *अजीतकुमार लाल कर्णको हकमा सञ्जीतकुमार कर्ण वि. प्रहरी प्रधान कार्यालय समेत*

यसमा निवेदकले प्रत्यर्थीहरूद्वारा पक्राउ गरिएको अजितकुमार कर्णलाई बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा थुनामुक्त गरिपाऊँ भनी निवेदन परेको तर हिरासतमा लिई थुनामा राखेको भनिएको अजीतकुमार लाल कर्णलाई आफूले पक्राउ नगरिएको थुनामा नराखेको तथा निजको घर खानतलासी समेत नगरिएको भन्ने प्रत्यर्थीहरूद्वारा प्रस्तुत लिखित जवाफबाट देखिन्छ। प्रत्यर्थीहरूमध्ये केन्द्रीय अनुसन्धान व्युरोको प्र.ना.उ.भुपेन्द्रबहादुर खत्रीको लिखित जवाफमा जयप्रकाश चौधरी समेतका अभियुक्तहरू पक्राउ हुन आएको भन्ने उल्लेख भएको देखिन्छ । तर निजसँग अरू कुन कुन व्यक्ति पक्राउ परेको हो सो नखुलाइएको निज जयप्रकाश चौधरीसँग पक्राउ गरिएका अन्य व्यक्तिको नाम तथा निजहरूको वतन किन खुलाउन नसकेको हो ? सोको यथार्थ जानकारी तथा निज जयप्रकाश चौधरीसँग पक्राउ परेका अन्य व्यक्तिहरूको नाम, वतन तथा निजहरूको सम्बन्धमा गरिएको कारवाहीको विवरण समेत पठाउनु भनी उक्त ब्युरोलाई लेखी जवाफ लिनू ।

साथै त्यसरी जयप्रकाश चौधरीसँग पक्राउ परी हिरासतमा रहेका अन्य व्यक्तिहरूको को थिए र हाल निजहरू कहाँ छन् भन्ने सम्बन्धमा निज जयप्रकाश चौधरीलाई यस अदालतमा झिकाई बयान गराउनू ।

त्यस्तै अजीतकुमार कर्णलाई पक्राउ गरी हिरासतमा राखेको निवेदकको कथन भए पनि प्रत्यर्थीहरूद्वारा सो कुरालाई इन्कार गरिएको हुनाले निज प्रत्यर्थीहरूले अदालतको आदेशलाई छल्ने मनसायले बन्दीलाई अन्यत्र सार्ने सम्भावना भएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३४ (१) बमोजिम बन्दी रहन सक्ने सम्भावित स्थान प्रहरी प्रधान कार्यालयअन्तर्गत केन्द्रीय अनुसन्धान ब्युरोको कार्यालय रहेको कक्षमा निवेदक वा निजतर्फका कानून व्यवसायी समेतलाई साथमा लिई यस अदालतका उपसचिव दर्जाको अधिकृतबाट खानतलासी गरी फेला परे निजलाई यस अदालतमा प्रतिवेदनसाथ दाखेल गर्नु भनी सर्च वारेन्ट जारी गर्नू ।

इति संवत् २०६९ साल जेठ २३ गते रोज ३ शुभम् ।

## बेरीत आदेश

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-RE-०१८८, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. छविलाल राउत कुर्मी*

पीडितको घाउ जाँच र मेडिकल रिपोर्ट हेर्दा ७५ घण्टासम्म बेहोस अवस्थामा "कोमा" मा रहेको वीरगञ्जको मेडिकल कलेजमा उपचार गराएको स्थिति छ । निजको टाउकोमा गहिरो घाउ भएर अनेकौं टाँका लगाएको र शरीरको अन्य भागमा पनि घाउ चोटहरू देखिएको अवस्था छ । यसबाट पीडितलाई प्रतिवादी छविलाल समेतको ज्यान मार्ने किसिमले कुटपीट गरेको देखिन आएको र ज्यान मार्ने नियत भए, नभएको कुरा पछि अन्तिम निर्णयबाट यकीन गरिने भए पनि ज्यानसम्बन्धी मलहको १५ नं. को अभियोग लागेको कसूर ठहरे ५ वर्षदेखि १५ वर्षसम्म कैद सजाय हुन सक्ने यस मुद्दामा अभियुक्तको हकमा अ.बं. ११८ को देहाय ५ आकर्षित हुनसक्ने अवस्था छैन ।

यसरी आकर्षित हुनै नसक्ने ऐनको दफा उल्लेख गरी तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएको अवस्थामा पनि वस्तुस्थिति मुचुल्काको एक जनाले व्यक्त गरेको विचारलाई आधार बनाई रू.२०,०००।- धरौट वा सो बराबर जेथा जमानीमा राख्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।३।२ को आदेश तत्काल उपलब्ध प्रमाणलाई बेवास्ता गर्नुका साथै कानूनी त्रुटिपूर्ण समेत भएकोले सो आदेश बदर गरिदिएको छ। अब प्रतिवादी छविलाल राउत कुर्मीको हकमा अ.बं. ११८ को देहाय २ को अवस्था विद्यमान रहेको देखिएकोले सोही ऐनअनुसार पुर्पक्षका लागि थुनामा राखी अरू कानूनबमोजिम गर्नू।

इति संवत् २०६९ साल जेठ १२ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-RE-०३१४, खिचोला मेटाई चलन चलाई पाऊँ, *जीतेन्द्र सिँह वि. अञ्जनीकुमार थापा समेत*

खानेपानी संस्थान सरकारी स्वामित्वको एउटा सार्वजनिक संस्थान भएको र उक्त जग्गा खिचोला मुद्दाको विवादमा यस अदालतमा विचाराधीन कीर्ते जालसाजी मुद्दा अन्तरप्रभावी हुने अवस्था नरहेको स्थितिमा यस अदालतबाट कीर्ते जालसाजी मुद्दामा निर्णय नभएसम्म पुनरावेदन अदालतमा विचाराधीन जग्गा खिचोला मुद्दा मुल्तवी राख्नुपर्ने अवस्था र कारण देखिँदैन। तसर्थ, मुल्तवी राख्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।३।१३ को आदेश बदर गरिदिएको छ। यथाशीघ्र मुल्तवी जगाई सो जग्गा खिचोला मुद्दाको बाँकी कारवाही सम्पन्न गरी छिट्टै निर्णय गर्नुपर्ने।

इति संवत् २०६९ साल जेठ १२ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-RE-०३१०, बहुविवाह, *पंकजकुमार झा वि. नेपाल सरकार*

यसमा यस मुद्दाको जाहेरवाली चाँदनी झा वादी र यिनै निवेदक पंकज झा समेत प्रतिवादी भई दे.नं. ३१२० को अंश मुद्दा सप्तरी जिल्ला अदालतमा विचाराधीन रहेको देखियो। उक्त अंश मुद्दा र यो बहुविवाह मुद्दासँगै फैसला गर्नुपर्नेमा त्यसो नगरी यो बहुविवाह मुद्दा पहिला जिल्ला अदालतबाट फैसला भई सो उपर पुनरावेदन अदालत, राजविराजमा पुनरावेदन परी "सो अंश मुद्दाको किनारा नलागेसम्म प्रस्तुत मुद्दा किनारा गर्न सकिने नहुँदा उक्त अंश मुद्दा फैसला भएपछि जगाउने भनी" मिति २०६८।९।१८ को आदेशले मुल्तवी राखेको देखियो। सो आदेशले उक्त अंश मुद्दाको अन्तिम निर्णय भएपछि मात्र यो मुद्दा जगाउने भन्ने अर्थ लाग्न सक्ने हुँदा आंशिक रूपले उक्त मितिको मुल्तवी आदेश बदर गरिदिएको छ।

अब उक्त दे.नं. ३१२० को चाँदनी झा विरूद्ध पंकज झा समेत भएको अंश मुद्दा सप्तरी जिल्ला अदालतबाट फैसला भएपछि सो उपर कुनै पक्षको पुनरावेदन परी आएमा यो मुद्दा जगाई उक्त अंश मुद्दा र यो मुद्दा सँगै कारवाही निर्णय गर्नुपर्ने वा कुनै पक्षको पुनरावेदन नपरेमा पुनरावेदनको अवधि नाघेपछि सो अंश मुद्दाको मिसिल समेत सँगै राखी यो मुद्दा जगाई कारवाही निर्णय गर्नुपर्ने।

इति संवत् २०६९ साल जेठ १२ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६८-AP-०४१८, उत्प्रेषण परमादेश, *सराजुल होदा ठकुराई वि. पुनरावेदन अदालत, हेटौंडा समेत*

यसमा यस अदालतको एक न्यायाधीशको इजलासबाट २०६८।१२।२० मा अन्तरिम जारी नहुने आदेश भए पनि विषयवस्तुको गाम्भीर्यता र अन्तरिम आदेश जारी हुनुपर्ने आवश्यकता समेत दर्शाई अन्तरिम आदेशको माग गर्दै परेको निवेदन दर्ता नगरी यस अदालतको सहरजिष्ट्रारबाट २०६८।१२।२७ मा भएको आदेश बदरको लागि प्रस्तुत निवेदन परेको देखिन्छ।

यस सम्बन्धमा विचार गर्दा कुनै एक इजलासबाट एकपटक अन्तरिम आदेश जारी नभएकोमा तत्काल अन्तरिम आदेश जारी हुन पुनः निवेदन नलिने वा निवेदन दर्ता भए पनि संयुक्त इजलासबाट अन्तरिम आदेश जारी नहुने आदेश हुनु सो मुद्दाको विषयवस्तु र अन्तरिम आदेशको औचित्य र आवश्यकतामा निर्भर रहने कुरा हो।

प्रस्तुत निवेदकले यस अदालतमा दिएको रि.नं. २०६८ को WO-०८८२ हेर्दा तह-तह हुँदै पुनरावेदन अदालतको आदेशअनुसार समेत बिगो भरिभराउ कार्य सम्पन्न भइसकेपछि पुनः अ.बं. १७ नं.को निवेदनको

आधारमा पहिला पुनरावेदन अदालतबाट भैसकेको आदेश र फैसलाअनुसार भरिभराउको कार्य सम्पन्न भएको कारवाही निष्क्रिय हुने गरी सोही पुनरावेदन अदालतबाट भएको आदेशलाई चुनौती दिई उक्त रिट निवेदन परेको देखिन्छ ।

यस्तो अवस्थामा उक्त रिट निवेदनको विषयवस्तुको सन्दर्भमा मागबमोजिम अन्तरिम आदेश जारी हुने नहुनेबारे उपयुक्त न्यायिक आदेश संयुक्त इजलासबाट हुनु उचित देखिँदा एक पटक अर्कै सन्दर्भमा अन्तरिम आदेश जारी नभएको वा निवेदन दर्ता नभएकोलाई नजीरको रूपमा ग्रहण गरी दर्ता नगरी सह-रजिष्ट्रारबाट मिति २०६८।१२।२७ मा भएको आदेश नमिलेकोले बदर हुने ।

अब यी निवेदकले दर्ता गर्न ल्याएको अन्तरिम आदेश जारी गरिपाउन भन्ने निवेदन दर्ता गरी संयुक्त इजलासमा पेश गर्ने ।

इति संवत् २०६९ साल बैशाख ५ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६८-AP-०४११, लेनदेन, *हरेकृष्णप्रसाद सिँ वि. रुद्रबहादुर हुमागाई*

नेपाल कोर्टफी ऐन, २०१७ को दफा १८ को (१) को खण्ड (क) ले “बिगो खुलेको मुद्दामा पुनरावेदन गर्दा जति कुरामा चित्त नबुझी पुनरावेदन गरेको छ त्यति कुरामा शुरू नालेस वा उजूर गर्दा लाग्ने कोर्टफीको सयकडा १५(पन्ध्र) को दरले सबै तहको पुनरावेदनमा कोर्टफी लाग्नेछ” भन्ने व्यवस्था गरेको छ । सोही कानूनी व्यवस्थाअनुसार पुनरावेदन अदालतको फैसलामा चित्त नबुझेको वादीले जति विषयको हकमा चित्त बुझेको छैन त्यतिको लाग्ने कोर्टफीको सयकडा १५ का दरले थप कोर्टफी दाखिला गरी पुनरावेदन गर्न पाउने हो । पहिला बिगो खुलेको मुद्दामा दावी गरेको बिगोको कानूनबमोजिम लाग्ने कोर्टफी दाखिल गरेको वादीले पहिलो पुनरावेदन तहबाट हारेमा उक्त दफा १८ (१)(क) अनुसार थप १५ प्रतिशत कोर्टफी दाखिल गरी पुनरावेदन गर्न पाउने हुन्छ । त्यस्तो वादीले पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदनको लागि पहिलो पुनरावेदन तहमा प्रतिवादीले पुनरावेदन अदालतमा राखेको कोर्टफी बराबरको रकम राख्नुपर्ने व्यवस्था नेपाल कोर्टफी ऐनले नगरेकोले त्यस्तो वादीको हकमा उक्त ऐनको दफा १८(२) लागू हुने होइन ।

यस्तो अवस्थामा नेपाल कोटफी ऐन, २०१७ को दफा १८(२) अनुसार प्रतिवादीले पुनरावेदन अदालतमा राखेको कोर्टफीको रकम यस अदालतमा पुनरावेदन गर्दा यी निवेदक वादीले धरौटी राख्नुपर्ने र सो नराखेकोले वा राख्न मञ्जूर नगरेको भनी पुनरावेदन दर्ता नगरी दरपीठ गरेको यस अदालतको सहरजिष्ट्रारबाट मिति २०६८।१२।२३ मा भएको आदेश नमिलेकोले बदर गरिदिएको छ ।

अब यी पुनरावेदकले नेपाल कोर्टफी ऐन, २०१७ को दफा १८(१) को खण्ड (क) अनुसारको कोर्टफी दाखिल गरेमा र यस अदालतमा पुनरावेदन दर्ता गर्न ल्याउँदा पुनरावेदन गर्ने हदम्यादभित्र ल्याएको र अरू रीत पुगेको भए निजको पुनरावेदन दर्ता गरी कानूनबमोजिम गर्नुपर्ने ।

इति संवत् २०६९ साल बैशाख ५ गते रोज ३ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६९ सालको रिट नं. ०६८-WO-१०८३, उत्प्रेषणयुक्त परमादेश, *सुरेशकुमार अग्रवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मिति २०६८।७।२६ मा नेपाल आयल निगमको कार्यकारी निर्देशकको पदमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सूचनाअनुसार कामकारवाही अगाडि बढी निवेदकको नाउँ समेत मिति २०६८।९।२० मा संक्षिप्त सूची (Short List) मा समावेशित भएको तर सो विज्ञापन बिना कुनै कारण देखाई मिति २०६८।१०।२० मा रद्द गरिएको देखिन्छ । उक्त अवधिको बीचमा मिति २०६८।९।१२ मा सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन) तथा कार्य सञ्चालन) आदेश, २०६८ जारी भै प्रारम्भ भइसकेको देखिन्छ । उक्त आदेशको ३०(२) को व्यवस्थाअनुसार प्रतिस्पर्धाबाट छनोटको क्रममा

रहेका सार्वजनिक संस्थानका कार्यकारी प्रमुखहरूको छनौट प्रक्रिया बोर्डले कार्य सञ्चालन शुरू नगरेसम्म यथावत रहनेछ तत्पश्चात् यसै आदेशबमोजिम समन्वय गरी छनौट कार्य अगाडि बढाउनु पर्नेछ भनी भएकोमा सो विज्ञापन वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट सो बोर्डसँग कुनै समन्वय नै नगरी रद्द गरिएबाट कानूनबमोजिम गरिएको विज्ञापन सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६८ अनुसार बोर्डको अधिकार वाणिज्य तथा आपूर्ति मन्त्रालय स्वयंले प्रयोग गरी बिना कुनै कारण देखाई रद्द गरिएबाट निवेदकलाई अपूरणीय क्षति हुनसक्ने देखिन आउँछ । त्यसकारण अर्को आदेश नभएसम्म मिति २०६८।१।२६ को विज्ञापनअनुसार एवं मिति २०६९।१।६ मा भएको विज्ञापनअनुसारको सबै कामकारवाहीलाई तत्काल यथास्थितिमा राख्नु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल जेठ २३ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** २०६८ सालको WO-०९३०, *उत्प्रेषण, सुसन श्रेष्ठ समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

यसमा वनपैदावार विकास समिति (गठन) आदेश, २०३३ को दफा १३ ले समितिले प्रधान कार्यालय, काठमाडौंमा रहने व्यवस्था रहेकोमा २०६८।१२।२३ मा मन्त्रिस्तरीय निर्णयले यस समितिको कार्यालय सागरनाथ वन विकास परियोजना सर्लाहीमा स्थानान्तरण गर्ने निर्णय विरूद्ध दायर प्रस्तुत रिट निवेदनमा २०६९।१।३ मा यस अदालत एकल इजलासबाट छलफलका लागि विपक्ष झिकाई सो अवधिसम्मलाई सो निर्णय कार्यान्वयन नगर्न नगराउन अन्तरिम आदेश जारी भएको देखिन्छ ।

उक्त गठन आदेशको दफा १३ विधिवत् संशोधन भएको नपाइँदा सम्बद्ध कानूनले निर्धारित गरेको कुरा मन्त्रिस्तरीय निर्णयबाट परिवर्तन हुन नसक्ने हुँदा उक्त अन्तरिम आदेशलाई हाल निरन्तरता दिइएको छ ।

इति संवत् २०६९ साल जेठ २३ गते रोज ३ शुभम् ।

**मेलमिलाप गरौं, विवाद नबढाऔं**

– सर्वोच्च अदालत, मेलमिलाप समिति